'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

२९

वर्ष ६, अंक २ | बुद्ध सम्वत् २५६२ | ने.सं. ११३८ गुँलाथ्व | वि.सं. २०७५ भाद्र १० गुनिपुन्ही



## ख्वपया वाँचुहिति स मानन्धर गुलाँ बाजं खलः

## वडा नं. ९ सकुलां त्व पाखं थापना यागु न्हूगु चिभद्यः

बौद्ध साहित्यिक पत्रिका

# अर्हत

निरन्तर प्रकाशनको लागि शुभकामना !

**सिद्धि गणेश सिसा फ्रेम पसल**

इनाचो, भक्तपुर-७

बौद्ध साहित्यिक पत्रिका



# अर्हत

निरन्तर प्रकाशनको लागि शुभकामना

**मोना क्लिनिक, लिवाली**

फोन नं. ६६१२५३७

Radhya Shyam suwal
9841215477

**Mitra Books**
& Stationary
[Wholesaler & Retailer]

Kamalbinak, Bhaktapur-4
☎ 01-6612215

Books | Stationery |
Sport & Many More



# अर्हत

त्रैमासिक

वर्ष ६ | अङ्क २ | पूर्णांक २९ | नेसं.११३८ गुँलाथ्व

शक सं. १९४० | २०७५ भदौ १० | बुद्ध सं. २५६२

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन संकलन
लक्ष्मीप्रसाद रञ्जित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं
Email: arhattrasik@gmail.com

सहयोग रु. ४०।-


# सम्पादकीय

हाम्रो देशको राजनैतिक व्यवस्था परिवर्तन भयो। यद्यपि नेपाली जनताको हृदयमा शान्ति छाएन। व्यवस्था परिवर्तनको लागि मरिमेट्ने जनता पटक–पटक 'माछा माछा भ्यागुतो' भए। व्यवस्था परिवर्तनपछि सुख शान्ति आउनेमा विश्वास गर्ने निमुखाहरू निराशाका शिकार भए। वास्तवमा निराश हुनुपर्ने कारण थिएन। हामीले समाजमा व्याप्त तृष्णाका जराहरू उखेल्ने काममा सफलता प्राप्त गर्न सकेनौं। हाम्रा शासकहरू तृष्णाबाट मुक्त भएनन्। शासक वर्गको वचन र व्यवहार समान भएन। यसले गर्दा शोषणको अन्त्य भएन। शोषणले गर्दा मानिसहरूको जीवन दिनदिनै कष्टमय हुँदै गयो। शासकहरूको सिद्धान्त भिन्न भिन्न भए तापनि शासन गर्ने तरिका समान नै भए। त्यसकारण जनताले परिवर्तनको झझल्को अनुभव गर्न पाएनन्। जनताको जीवन उही नाम्लो उही कुम्लो भयो। समाज परिवर्तन भएन। समाज परिवर्तनको लागि बुद्धको उपदेश व्यवहारमा उतार्न सके राम्रो हुने विश्वास छ। बुद्धकालीन समयमा पनि यस्तै जनताको कष्टमय जीवन थियो भन्ने कुरा बौद्ध भिक्षुहरूको धर्मदेशनाबाट थाहा हुन्छ। समाजमा शान्ति स्थापनाको लागि विलासिता जीवन त्यागनुपर्ने उपदेश बौद्ध शिक्षाबाट प्राप्त हुन्छ। सबभन्दा पहिले हाम्रो शासक वर्गले आ–आफ्नो विलासिता जीवन त्यागेमा समाजले राजनैतिक परिवर्तनको झझल्को पाउँदैन र? अस्तु।

संक्षिप्त चिनारी:

# संघनायक भिक्षु अश्वघोष महास्थविर

कोण्डन्य

नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार प्रसार भई पुनर्जागरणको इतिहास सँगसँगै देखिएका भिक्षुहरु मध्ये एक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ । उहाँले प्रव्रजित जीवनयापन गर्नुभएको झण्डै ८ दशक हुन लागिसकेको छ । नेपालका छैठौं पूज्यपाद संघनायक पदमा संघउपनायक भिक्षु अश्वघोष महास्थवीरलाई विनयकर्मपूर्वक नेपाली भिक्षु महासंघका सदस्यहरुले संघसम्मतिसहित ज्ञप्तिकर्मद्वारा एक धार्मिक विधि 'संघनायकोपतिट्ठापन' विधिपूर्वक वि.सं. २०६८ आश्विन १४ गते शनिबारका दिन नेपालका छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरेका छन् । वि.सं. २०६३ जेठ २ का दिन नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षुसंघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी संघनायकोपतिट्ठापनविधिपूर्वक २०६३ जेठ २४ गते संघउपनायक भिक्षु बुद्धघोष महास्थविरलाई "नेपालको पाँचौ पूज्यपाद संघनायक" का रुपमा प्रतिस्थापन गरिएकै बेला भिक्षु अश्वघोष महास्थविरलाई संघउपनायक पदमा पदस्थापन गरिएको थियो । हाल काठमाडौं ढल्कोस्थित संघाराम विहार तथा बनेपाको ध्यानकुटी विहारमा निरन्तर आवासीय रुपमा बस्दै आउनुभएका नेपालका पूज्यपाद छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर ८५ वर्षको हुनुहुन्छ ।


भिक्षु अश्वघोष महास्थविर

ललितपुर ओकुबहाल निवासी आमा लक्ष्मीमाया शाक्य र पिता चन्द्रज्योति शाक्यको कोखबाट वि.सं. १९८३ जेठ १५ (१८ मे १९२६, ने.सं. १०४६) मा जन्मिएका बुद्धरत्न शाक्यलाई झण्डै १६ वर्षको उमेरमै धर्माध्ययनको लागि भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दलाई जिम्मा लगाइयो । पछि सन् १९४४ मा कुशीनगरमा ऊ. चन्द्रमुनि महास्थविरको उपध्यायत्वमा तथा भिक्षु अमृतानन्दको आचार्यत्वमा श्रामणेर अश्वघोष नामले प्रव्रजित हुनुभयो । आमा लक्ष्मीमाया शाक्यको प्रेरणाले प्रव्रजित भएका उहाँ आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरको प्रथम शिष्य हुनुहुन्छ ।

श्रामणेर प्रव्रज्याको लगत्तै प्रसिद्ध भारतीय भिक्षु धर्मरक्षितसँगै पालि र हिन्दी भाषा सिकी उहाँसँगै केही महिनापछि दक्षिणी श्रीलंकाको मातरमा अवस्थित महामहिन्द्र परिवेण (तालिम केन्द्र) मा अध्ययन गर्नुभयो । सोही परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा १ मई १९४९ का दिन उपसम्पदा दीक्षा प्राप्तगरी पूर्ण रुपमा भिक्षु हुनुभयो । ८ वर्षपछि अर्थात् वि.सं. २००८ सालमा अग्रश्रावक सारिपुत्र र मौदगल्यायनको पवित्र अस्थिधातु नेपालमा दर्शनार्थ ल्याइएको अवसरमा निमन्त्रित व्यक्तित्वको रुपमा भिक्षु अश्वघोष नेपाल फर्कनुभयो । उहाँसँगै आनन्दकुटी विहारको सीमाग्रहमा २००८ कार्तिक महिनामा उपसम्पदा दीक्षाप्राप्त भिक्षु कुमार काश्यप पनि श्रीलंका जानुभयो । केही वर्षपछि भिक्षु अश्वघोष भारतमा फर्किनुभई एस.एल.सी. अध्ययन गर्दै रहँदा परीक्षाकै समयमा ४ फागुण २००९ का दिन उहाँका माता लक्ष्मीमाया शाक्य परलोक भएको समाचारले उहाँलाई परीक्षाकै समयमा दुःखित तुल्याइदियो । उहाँले सारनाथ-

बनारसमा बस्नुभई एस.एल.सी देखि बि.ए. सम्म अध्ययन गर्नुभयो र टि.वि. रोगका कारण अध्ययन पूर्ण गर्न सक्नुभएन। उपचारार्थ उहाँ पेकिङ्ग (बेइजिङ्ग) जानुभयो। केही वर्ष उतै बस्नुभयो। माओत्सेतुङ्गको सांस्कृतिक क्रान्तिपछि विकास कार्यमा अग्रगण्य रुपले हिंडिरहेको तत्कालीन चिनीया जनता र कम्युनिष्ट शासनबाट उहाँ प्रभावित हुनुभयो। चीनबाट फर्किसकेपछि आनन्दकुटी विद्यापीठमा झण्डै १० वर्ष सेवा गर्नुभयो। आनन्दकुटी विद्यापीठका सुपरिवेक्षक समेत हुनुभएको थियो। उहाँले विभिन्न मुलुकहरुको भ्रमण तथा सम्मेलनहरुमा भाग लिन जानुभएको छ। २०२९ साल घटस्थापनका दिन आनन्दकुटी विहार गुठीको स्थापना भएपछि भिक्षु अश्वघोषले न्हुच्छे बहादुर वज्राचार्य र वटुकृष्ण 'भुषण' सँग सहकार्य गरी 'आनन्दभूमि' बौद्ध मासिकको सम्पादक हुनुभयो। उहाँले 'आनन्दभूमि' मा सम्पादक, प्रधान-सम्पादक भई २० औं वर्ष सेवा गर्नुभयो। यसरी नै धर्मकीर्ति विहारबाट प्रकाशित हुने 'धर्मकीर्ति' मासिकमा पनि उहाँ शुरुवातदेखि वर्तमानसम्म प्रधान-सम्पादकको रुपमा सेवा गरिरहनुभएको छ, साथै उहाँले बुद्धधर्म र दर्शनसम्बन्धी स-साना करिब १४० भन्दा बढी कृति प्रकाशन गर्नुभइसकेको छ।

हाल संघाराम विहार र बनेपाको ध्यानकुटी विहारमा बस्नुहुने भिक्षु अश्वघोष महास्थविरले बनेपास्थित दछुटोलमा 'ध्यानकुटी विहार' २०२८ सालमै निर्माण गर्नुभयो। २०३८ सालमा भिक्षु मैत्री (वर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष), दिवंगत द्वारिकादास श्रेष्ठ र उपासिका दिवंगत अनागारिका धर्मरक्षिता (रत्नमाया शाक्य) को सहयोगले क्षेत्रपाटी-ढल्कोमा 'संघाराम भिक्षु तालिम' स्थापना गरी नेपालको पुनर्जागरित बुद्धशासनमा पहिलोपटक श्रामणेर-भिक्षु तालिम केन्द्रको प्रारम्भ गर्नुभयो। उहाँकै शब्दमा भन्नुपर्दा उहाँको तालिम मिशन सोचेझैं सफल हुन नसकेपछि ध्यानकुटी विहारमा पनि तालिम केन्द्रलाई निरन्तरता दिने प्रयास भयो। वर्तमान नेपालमा सबैभन्दा बढी शिष्य हुने उहाँ श्रेद्धय भन्तेका शिष्यहरु अधिकांश श्रीलंकाबाट अध्ययन गरेका छन्। अहिले उहाँका शिष्यहरुले सक्दो बुद्धशासनिक क्षेत्रमा क्रिया कलापहरुलाई अगाडि बढाइराखेका छन्, जुन उहाँको लागि धर्मप्रीतिको विषय भएको छ।

नेपालमा ४६ सालको जन आन्दोलनपछि माथिल्लो सदन राष्ट्रिय सभामा पनि दुई वर्ष माननीय हुनुहुने उहाँ एमालेको नौ महिना शासनमा लुम्बिनी विकास कोषका उपाध्यक्ष हुनुभयो भने उहाँले धर्मोदय सभाका सम्मानित अध्यक्ष पदभार सम्हालिसक्नुभएको छ। सन् २००० मा म्यानमार सरकारबाट '**अग्गमहासद्धम्मजोतिकधज**' पद्वीद्वारा विभूषित भन्तेले प्रव्रजित-श्रामणेरहरुलाई तालिम गर्दै धेरै अनुभव सँगाल्नुभएको छ। नेपाल भाषा परिषद्, काठमाडौंले ने.सं. ११२८ को भाषाथुवा: मानार्थ उपाधिले सम्मानित उहाँ नेपालका पूज्यपाद ८२ वर्षीय संघनायक अश्वघोष महास्थविरले अझै पुस्तक लेखन, धर्मदेशना गर्ने, भोजनादि विविध धार्मिक कार्यक्रमको निमन्त्रणामा जाने कार्यलाई निरन्तरता दिइरहनुभएको छ। वर्तमान नेपालका पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविर र आचार्य भिक्षु कुमार काश्यप महास्थाविरको ७७ औं वर्षमा प्रवेशको उपलक्ष्यमा सुखी होतु नेपालले भव्यताका साथ वि.सं. २०६० मा ऐतिहासिक रुपमा १११ जनालाई सप्ताहब्यापी दुर्लभ शतकुलपुत्र प्रव्रजित दिवसको अवसरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विविध धार्मिक, सामाजिक गतिविधिको संचालन गरेको थियो। स्मरणीय रहोस्- भक्तपुरका जीवनीकार रत्नसुन्दर शाक्य, भिक्षु संघरक्षित, रीना तुलाधरलगायतले पृथक पृथक रुपमा अश्वघोष महास्थविरको जीवनी पक्षलाई उजागर गर्न सहज हुने गरी पुस्तक लेख्नुभएको छ।

*(श्रोत साभार: सन्दर्भ: अभिनन्दन ससारोह, २०६८ कार्तिक २६, अखिल नेपाल भिक्षु महासंघ, २०६८)*
*साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरु पुस्तकबाट (भिक्षु अश्वघोष महास्थविरज्यू हाल ९२ वर्ष पुग्नु भएको छ-सं)*

# भिक्षुणी संघया छगू विहारनापं स्वापु दुगु निगू अभिलेख

+ सुरेशज्योति शाक्य, ख्वप

**ऐतिहासिक पृष्ठभूमि :** थुगु शीर्षकया विषय अध्ययन याये न्ह्य: दकसिवे न्हापां भिक्षुणी संघया ऐतिहासिक पृष्ठभूमि कथं छत्वा:चा उल्लेख यायेमा: गु आवश्यक खनेदु । बौद्ध धर्मया उत्पति इलंनिसे संघया रुपय् विकसित जुजुं व:गु ख: । थुगु धर्मया प्रवर्तक भगवान शाक्यमुनि बुद्ध हे मानवतय्त सधर्मया लपुँइ वनेत समान अवसर वियेगुया लागि संघ पद्धति कथं ढाले यानात:गु ख: । त्रिपिटक (बौद्ध ग्रन्थ) अध्ययन यायेबलय् भगवान बुद्ध स्वयमं व्यक्तियात स्वया संघयात महत्त्व बियात:गु खँ थाय् थासय् उल्लेख जुयाच्वगु खंकेफु । संघया गुणयात कदरयासें बुद्ध, धर्मया नापनापं सघं शरण गच्छामी धका: त्रिरत्नया छगू रत्न संघ रत्न मानेयाना त:गु ख: । थ्व खँ धायेमा:गु मदु बौद्ध धर्मय् थें मेगु गुगुनं धर्मय् संघयात उलि महत्त्व बियात:गु खनेमदु । संघ परम्परा क्वातुगुलिं हे बौद्ध धर्म विश्वधर्म कथं विकास जुये फुगु ख: । त्रिरत्नया रथयात निरन्तर रुपं न्ह्याकेत प्यंगू घ:मा चक्का छुनात:गु दु । थ्व प्यंगू घ:मा चक्का ख: भिक्षु, भिक्षुणी, उपासक, उपासिका । भारतवर्षया सारनाथया मृगदावनय् भगवान बुद्धं पंचभद्र वर्गीय ब्राम्हणपिन्त प्रथम धर्मचक्र प्रर्वतन यायेधुंका: छुं दिन लिपा ६० म्ह अर्हत् भिक्षुपिनिगु समूहया दयुइ भिक्षुसंघ नीस्वंगु ख: । वयेंतु छुं वर्ष लिपा भगवान बुद्धया चिधिमां प्रजापति गौतमीया नेतृत्वय् व:पिं सकल नारी गणपिन्त भिक्षुणी याना: भिक्षुणी संघ नं नीस्वंगु ख: । थुगु ज्याया लागि आनन्द भन्तेयागु त:धंगु देन दु । प्रजापति गौतमीयात इतिहासय् दकसिवे न्हापंयाम्ह भिक्षुणीकथं मानेयाइगु चलन दु । थेरी गाथा अध्ययन यायेबलय् अमृतमय ज्ञान प्राप्त याना: थ:त धन्य भापिया च्वंपिं भिक्षुणीपिं बुद्धया जीवन इलय् आपालं दुगु खँ क्यनात:गु दु । जम्बुद्विपय् (दक्षिणपूर्व एसिया महादेशय्) मौर्य, यवन शक, कुशान थीथी शासन इलय् तयाथकूगु थीथी अभिलेख अध्ययन यायेबलय् भिक्षुणी संघया परम्परा संसारय् यक्व हे फैले जुये धुंकूगु सिइका कायेफु । भिक्षुणी संघया थुगु परम्परा नेपा: देशय् लिच्छविकालय् नं विकसित जुयाच्वंगु दु धइगु खँ उगु इलय्या अभिलेखं स्पष्ट क्यं । लिच्छवि इलय् थन महायान बौद्ध धर्म प्रति यक्व प्रचारप्रसार जुयाच्वंगु खनेदु । शासक वर्ग व जनतापिं बौद्ध धर्म प्रति यक्व नुग: क्वसा:गुलिं उगु इलय्या नेपाल मण्डलय् यक्व: हे बौद्ध विहारे भिक्षुपिनिगु संघ दयाच्वनि । वयेंगु लिच्छविइलय् भिक्षुणी संघया थीथी विहार नं क्यनाच्वंगु दु । उगु इलय् भिक्षु संघ, भिक्षुणी संघपिन्सं, उपासक, उपासिकापिंन्सं दत्तकीर्ति तया:ब्यूगु, गुठी तया: ब्यूगु खँ थीथी अभिलेखं क्यनाच्वंगु दु । वयेंतु भिक्षु, भिक्षुणीपिंन्सं नं लोकयात कल्याणयायेया लागि हिति, बुँग इत्यादि निमार्ण यानात:गु अभिलेख स्वयेगु दु । थुजा:गु थीथी अभिलेखय् भिक्षु, भिक्षुणीया नापंनापं शाक्य भिक्षु व शाक्य भिक्षुणी नं छ्यलात:गु दु । जाती वाचक शाक्य शब्द दक्वं भिक्षु, भिक्षुणीपिन्त छ्यलात:गु शब्द मखु । मात्र शाक्य कुलं प्रवजित जुयाच्वपिं भिक्षु भेक्षुणीपिन्त छ्यलात:गु ख: । दसिकथं भिक्षुणी संघया विषय उल्लेख जुयाच्वंगु निगू, स्वंगू लिच्छवि अभिलेख प्रस्तुत याये । शाके संवत ५१३ जुजु शिवदेवया शासन इलय् तयात:गु बुद्धमूर्तिया आशने कियात:गु अभिलेखय् शाक्य भिक्षुणी परिशुद्धामती लोक कल्याण याये निम्ति दत्त तयाब्यूगु उल्लेख जुयाच्वंगु दु । (लिच्छविकालका अभिलेख-धनवज्र बज्राचार्य-पेज नं. ६०० (ग) ) । जुजु अंशुवर्माया शासन इलय् परमोपाशिका मृगिनी भिक्षुणी संघयाता दत्तकीर्ति तयाथकूगु खँ यलेदया चप:त्वाया ल्वहँपतिइ उल्लेख जुयाच्वंगु दु (वज्रा ९५) । भिक्षुणी संघयात पण, पुराण (उगु इलय्या मुद्रा) तयाब्यूगु

खँ यैं देया मुसुं बहालया ल्वहःपतिइ उल्लेख जुयाच्वंगु दु (वज्राः १३५) । भिक्षुणी थःम्हं हे सकल प्राणीपिन्त उद्धार जुयेमा धकाः जलं दयेकूगु खँ यलदेया वहिली त्वाया अभिलेखय् उल्लेख जुयाच्वंगु दु (वज्राः १८१) इत्यादि । भिक्षुणी संघया परम्परा पूर्व मध्य काल (ने.सं. सुरु निसें यक्षमल्लया शासन ई तक) नं निरन्तर विकास जुयावयाच्वंगु उगु इलय् तयाथकूगु थीथी अभिलेखं क्यनाच्वंगु दु । गथेकि ने.सं. ४० जुजु शंकरदेवया शासन इलय् रचना यानातःगु बौद्ध ग्रन्थय् शाक्य भिक्षुणी स्थविरनी अक्षयमत्या यागु नां उल्लेख जुयाच्वंगु दु (मेडिवल नेपाल-हरिराम जोशी) । जयस्थीति मल्लया शासन इलयनिसें धार्मिक क्षेत्रय् कर्मकाण्ड व भक्ति मार्ग विकास जुया ववं मध्यकालय् उत्तरार्ध (विभाजित मल्ल जुजुपिनिगु ई) वया बौद्ध धर्मय् यक्व विकृति जक वःगु मखु भिक्षुणी संघया परम्परा नं तुतेजुया वंगु सिइदु ।

**मूल विषय प्रवेश** : भिक्षुणी संघया संक्षिप्त खँ उल्लेख याये धुंकाः आः ध्व निगू अभिलेख छगू हे थासय् यागु खःला धइगु विषय कुलेगु कोशिस याये । छगू ल्वहपौ ख्वपदेया पूर्वी सीमाना च्याम्हसिंह पुखुलिं भतिचा पूर्वपाखे वाचुहिति परिसरे लुयावःगु खः । ह्याँगु ल्वहतेकियातःगु थुगु ल्वहपौ निगू तुक्रा ज्वी धुकूंगु जुसां आखःग्वः स्पस्टः सिइदु । थुगु अभिलेख दकसिवे न्हापां पाशुका वर्ष २ अंक ११ पत्रिकाय् प्रकाशन जूगु खः । थुगु पत्रिकाय् आखःग्वः छगः निग छुते जूगु तायेका । उकिं लिपा विहार वहीया जातखय् जिं प्रकाशन यानागु खः । अभिलेख प्रमाण कथं धायेगु खःसा शाक्यतयूगु दकसिवे पुलाँगु ख्वपदेया अभिलेख ख हे खः । अभिलेखय् छ्येलातःगु सम्वत ने.सं. सुरु ज्वी न्ह्यः प्रचलने वयाच्वंगु अंशुवर्मा जुजुं छ्युःगु सम्वत खः, गुगु सम्वतयात मानदेव सम्वत नं धाइगु चलन दु । थुगु सम्वत शाके सम्वत ४९८ निसें कथहं वयाच्वंगु १४४ साल खः । उगु इलय् लिच्छुवि जुजु जयदेवया शासन ई.खः ।

**अभिलेख मूलपाठ**

१) ऊँ संवत १०० (+) ४० (+) ४ फाल्गुण शुक्ल दिवा त्रितीया या

२) देय धर्मोयं शाक्य भिक्षुण्या सोमनाथ

३) सर्वसत्वनामनुत्तर ज्ञानावाप्तये

४) चक्रवाटरी विहार्य भिक्षुणी संघय प्रतिपादित इति ।

**भावार्थ थथे खः** ऊँ संवत् १४४ फाल्गुन शुल्क तृतीयाया दिनय् शाक्य भिक्षु (शाक्य भिक्षुणी ?) सोमनाथं सारा प्राणीपिन्त अनुत्तर ज्ञान लाभ याना काये फय्मा धका आशिका याना काये फयेमा धका आशिका याना पालन पोषण याये योग्य जुयाच्वपिं चक्रवाटरी विहारया आर्य भिक्षुणी संघपिन्त नकेत्वंकेत दत्त तया दान धर्म यानागु खः ।

अथेहे मेगु अभिलेख शंकरदेव जुजुयां शासन ईलय् ने.सं. २०२ सालय् भुजिंमोल लिपिं च्वयातःगु ताडपत्रया "सर्द्धमपुण्डरीक सूत्र" नाया बौद्ध ग्रन्थया पुष्पिका वाक्यय् उल्लेख यानातःगु दु । थुगु ग्रन्थाभिलेखया विषय सिइकेन्ह्यः दकसिवे न्हापं थुगु ग्रन्थ गुगु थासं प्राप्त जूगु धइगु नं सिकेमाःगु आवश्यक जु । २०४० साल पाखें जुजु वीरेन्द्र व लानी ऐश्वर्यया सदभावपूर्ण निमन्त्रणाय् जनवादी गणतन्त्र चीनया महामहिम राष्ट्रपति लीस्यान न्यान व वया तिपु लिन च्या मई नेपा देया भ्रमणय् सवारी जूगु ईलय् थुगु सद्धर्मपुण्डरीक सूत्र नाया १३७ पत्र दूगु ग्रन्थया फोटोकपी भ्री जुजु व लानीयात लःल्हागु खः । थुकिया मूल ग्रन्थ चीन देशय् दुगु पुरातत्त्व विभाग प्रकाशन यानातःगु अभिलेख नाया मासिक पत्रिकाय् जनकलाल शर्माया लेख क्यमाच्वगु दु ।

पुष्पिका वाक्यया मूल पाठ थथे खः संवत् आ २ चैत्र शुक्ल दिवा पूर्णिमास्यां । वृहस्पतिबार दिने । हस्त नक्षेत्र । परम भट्टारक महाराजाधिराज परमेश्वर मत शंकरदेवस्य विजयराज्ये प्रर्वतमाने । देय धर्मोय प्रवर महायानयायिनी श्री चक्रवाटरी महादेवी महाविहार्य शाक्य भिक्षुणी यमेन्द्रनाथय दत्त पुण्यं तदवत्वाचार्यो पाध्याय माता पिर्त स्वजन वान्धव प्रमुखैरनुत्तर ज्ञान फलावाप्त यति ॥ ये धर्मा.........महाश्रवण श्री इन्द्रमूल स्वानाधिवासी अमात्य परमोपाशक श्री गुणाकर जीव भल्लोकेन स्वग्र लिखित मिति ॥

भावर्थ : संवत २०२ चैत्र शुक्ल पूर्णिमाया विहिवारया दिन कून्हु हस्त नक्षेत्र खः । परम भट्टारक महाराजधिराज मरमेश्वर श्रीमत शंकरदेवया शासन जुयाच्वंगु विजय

राज्ये । सूर्य उदय ज्वीवलयृथें ज्वज्वलमान जुयाच्वंगु महायान धर्मया अनुयायी श्री चक्रवाटरी महादेवी महाविहारया आर्य शाक्य भिक्षुणी यमेन्द्रनाथं धार्मिक दत्त तयाव्यूगु ख: थुगु दत्त पुण्यं थ:म्ह आचार्य, उपाध्यय, मां, बौ इस्तमित्र फुकसिनं ज्ञानया नं प्रमुख ज्ञान जुयाच्वंगु अनुत्तर ज्ञान (जीवन मुक्त ज्वीगु ज्ञान) लाभ याना काये फयेमा: धका आशिका यानात:गु ख: । ये धर्मा.....। श्री इन्द्रमूल स्थानय् च्वंम्ह अमात्य (मन्त्री) परमोपाशक (बौद्ध धर्मया परम उपासक) श्री गुणाकरजीव भल्लोक धा:म्हसिनं थुगु ग्रन्थ रचना या:गु ख: ।

निष्कर्ष : लिच्छवि इलय् तयाथकूगु थीथी अभिलेखयात बाँलाक दुवाला स्वयेवलय् शाक्य भिक्षु-भिक्षुणी जातिवाचक जुयाच्वंपिन्त जक धाइगु सिइदु: । शाक्यतयृगु कपिलवस्तु गणराज्य विघटन ज्वी धुंका: थनयापिं शाक्य जातिपिं स्वनिगलय् नं वसोवास याव:गु खँ मू.स.वा.वि. संग्रह व मेमेगु बौद्ध ग्रन्थ नं क्यनाच्वंगु दु । लिच्छवि इलय् तत्कालिन नेपालमण्डलय् शाक्यतयृगु वसोवास यक्व दु धइगु खँ उगु इलय्या अभिलेख बाँलाक क्यं । उगु इलय् तयाथकूगु थीथी अभिलेखय् शाक्यभिक्षु, शाक्य भिक्षुणी उल्लेख जुयाच्वंगु यक्व प्रमाण स्वयेगु दु । बाँचुहिति लागाय् लुयाव:गु अभिलेखय् ख्वप:देयागु हे ख: मेगु थासय् नं हयात:गु पकानं खै मखु । उकिं थुगु अभिलेख लुयाव:गु जव:खव? महायान बौद्ध धर्मनापं स्वापू दुगु चक्रवाटरी नाया भिक्षुणी संघपिनिगु तधंगु विहार दु धइगु खँ छर्लङ्ग क्यं । थुगु विहार शाक्यजाति नापं स्वापू दुगु नं क्यं अथेहें लगभग ३६२ वर्ष लिपाया सद्धर्मपुण्डरीक ग्रन्थया पुष्पिका वाक्य नं थुगु विहार नापं स्वापु दुगु क्यं । थुगु ग्रन्थाभिलेखय् नं श्री चक्रवाटरी महादेवी महाविहार याम्ह आर्य शाक्य भिक्षुणी यमेन्द्रनाथ धका उल्लेख जुयाच्वंगु दु । शाक्य भिक्षु (भिक्षुणी सोमनाथ वाचुहितिया ल्वहपतिइ उल्लेख जुयाच्वंगु ख: । ग्रन्थाभिलेखय् श्री चक्रवाटरी महादेवी महाविहार उल्लेख जुया च्वंगु दुसा वाचुहितिया ल्वहपतिइ चक्रवाटरी उल्लेख जुयाच्वंगु दु ध्व खँ स्पस्ट जु । लिच्छविइलय् तयाथकूगु गुगु नं अभिलेखय् महाविहार शब्द उल्लेख जुयाच्वंगु मदु, मात्र विहार जक दु । दसिकथं गुँ विहार, श्री मानविहार, श्री शिवदेव विहार उदत्यकारव्य विहार इत्यादि । महाविहार शब्द ने.सं. धुंका: जक प्रचलने व:गु सिइदु । उकिं लिच्छविइलय् थुगु विहार चक्रवाटरी विहारया नामं प्रसिद्ध जुयाच्वंगु ख:सा ३६२ वर्ष लिपा अर्थात् ने.सं. २०२ इलय् तक व:या श्री चक्रवाटरी ( महादेवी पिनिगु) महाविहारया नामं प्रसिद्ध जूगु खनेदु । आ: थुगु नाया विहार गन दु धइगु सिइकेया लागि अनुसन्धानया विषय गन दु धइगु सिइकेया लागि अनुसन्धानया विषय जुल । वाचुहिति लागाय् दुला अथवा मेगु गुन नं थासय् दुला । न्ह्यागु हे धा:सां ख्वपदेया दुने उगु इलय् थुगु विहार विकसित जुयाच्वंगु दु धइगु खँ धायेमा:गु मदु । छगू थासय अनुमान यायेछिं । गुगु थाय् ख: ख्वपदेया हनुमान घाट ( ख्वह्) लागाया पश्चिम क्षेत्रय् । थुगु थासय् पुलाँगु खुसी विहार दु धाइगु चलन दु । थुगु थासय् पुलाँगु खसी विहार दु धाइगु चलन दु । थुगु थामस् बौद्ध विहारया स्वरुप छु नं खनेमदुसां पुलाँ पुलाँगु बौद्ध सम्पदा-चैत्य, धर्मधातु मण्डल, बुद्धमूर्ति महाकाल मूर्ति इत्यादि छरेजुया च्वंगु थौकन्हे नं स्वयेगु दनी । थुगु हे थासय् शाक्य व ब्रजाचार्यपिनि पिण्ड दान याइगु चलन दु । वयेंतु वहा पूजा याइबलय् थुगु थासय् च्वंम्ह तधिकम्ह बुद्धमूर्तियात छाइगु चलन दु । अभिलेख प्रमाण कथं स्वयेगु ख: सा खुसी विहारया घटनाया विषय गोपालराज वंशावली नं तिपोट यानात:गु खनेदु (४१ क पत्र) । अथेहे ख्वपया भूमि तम्सूक पत्रय् ने.सं. ४९६ सालय् खुसी विहारया शाक्य भिक्षु श्री जेताकरथविर पाजु उल्लेख जुयाच्वंगु दु भू.स.त.ता. भाग ४ प्रकाशन पुरातत्त्व विभाग) । वंथेतुं थुगु थासय्या उत्तर भागय् राममन्दिरया दक्षिण प:खा लिकसं तिकात:गु छगू ल्वहपतिइ ने.सं. ९९८ सालय् श्री चक्रवत्त विहारया अशोक चैत्य जीर्णद्वार जूगु, रत्नचैत्य स्थापना या:गु इत्यादि खँ उल्लेख जुयाच्वंगु दु । अन्त्य थुगु लेखयात थन हे क्वचायेके लिच्छविइलय् निसे विकसित जुयावयाच्वंगु शाक्य तयृगु तधंगु इतिहास दुगु ख्वपदेया चक्रवाटरी नाया भिक्षुणी संघपिनिगु विहार गुगु थासय् दु धइगु सिइके फुसां, मफुसां इतिहासय् दुगु खँ सत्य ख: ।))

# जन्म

## कविकेशरी चित्तधर हृदय

अन उषा मुसुहुं न्हिला: वल सूर्य: थ: प्वाथे तया:,
समय सीक्यत शब्द तायदत हा:गु ग्वंग: ग्रामया ।
शीतकर बुलुया वना च्वन, पूर्व यचुया: वल भति,
अरुण याकन ल्वीगु लक्षण सीदु सुथया सन्तति ।
पिन्य विहग गणयागु कलरव, मिस्त दुन्य जुल चञ्चल
छख्य मि छ्वेकल, छख्य चिकंथलया सुमीचा न्यायकल ।
पुष्प पल्लव पूर्ण जूगु पिलासिमाया क्वे वना:
शाक्यरानी दन अकस्मात् बृक्षया शाखा ज्वना: ।
जुल ससंभ्रम सेविकापिं, अमि पला: हे छी मला:,
जूगु लुचुलुचु मदिक उख्य थुख्य चपल गय् बनया चला ।
उख्यर रवि लुल थुख्यर रवि बुल शाक्यकुल आकाशया,
मधुर सुसमाचार न्यंकल भ्रंगलं गगने ब्वया: ।
तायव छु धका स्वेत व:म्ह समीर द्वारा सुन्दर
पुष्प दल दल हाल आपा: सतत शाखा फरफर ।
शीत-विन्दुत फुति चिची फुतिं अमि न्यता:या च:ति थें,
पुष्पयात्रा थें जुया: 'स्वांया: पुन्ही' नां जुल उकीं ।

मुख्य सेनाध्यक्ष स:ता वैत क्यन "स्वैदिस" धया:
न्हयम्ह रमणीपिनिगु ल्हार्त सद्यजात मचा क्या: ।
अभिगु पल्यस्वां जोगु ल्हाते ला:बले उम्ह बालकं
पद्य पद्ये ल्होगु थें खन शाक्य-सेना-नायकं ।
सुचुस्य च्वं अन व्याक्क थाय् छूं गर्भमल खन्य मदु गनं,
ला:गु नकतिनि धैगु थें च्वं स्वच्छ लासा संकभनं ।
दिव्य तेज दया: बुखू ल्यंमदु शरिरे छुं भचा
पाटवस्त्रे निष्कलङ्कगु रत्न थें थी उम्ह मचा ।
शीघ्र थ्व समाचार राजायात न्यंक्यत सल गया:
वायुवेगं दूतपिं ब्वां वन कपिलवस्तू स्वया: ।

वन गुलिं चर देवदह सन्देश क्वबुया: याकन,
अमिगु ख्वा:या हास्यरेखा भिगु स:पौ थें च्वन ।
जन्म उत्सव जूगु सा सो मुख्य गायक कोकिल,
सूर बीपिं गुलि विहंगम मदिक ल्वां ल्वां पा: हिल ।
वायुवेगं सुलु पुया: च्वन मधुर न्हाय्पंयात नं
अन व बालक खन्यव निदुगं ज्वीगु हर्षित मन मनं ।
न्ह्या:गु कुलुकुलु अन नदीया घंगलाया तुतिसले,
बृक्षशाखायागु प्वालं अन दुसोगु निभा:जले
नेत्र रञ्जन जूगु पिलि पिलि सुमनरज प्याखं हुला:
पञ्चरङ्गी बस्त्र ज्वी अथवा व कपनं छा:गुला ?

शिशु च्वना: मांया मुले थुख्य दुरु त्वना: च्वन चुकु चुकु
उख्यर शैलशिखर- पयोधर वाल रवियां जुल पुकू ।
शुन्य रानीया मने दुन्य पूर्ण जुल आ: दंक हे,
ख्युँगु तन फुक हृदयमणिया तेज द्वारा न्यंक हे ।
पूज्य पतिया प्रेमगंगा स्नेह सुत हे ब्वीकल,
पिन्य निग: फलयागु रुपं वैत जीवन रस बिल ।
वैगु भय्बिल हृदय-सागर स्नेहया सरिता मुना:
नयन निगलं प्या:गु छाय् मस्यु मोल्हुया: वल थें दुना: ।
न्हयगु गबलें थ:म्ह सुतया सौम्य सुन्दर ख्वा:स्वया:
चक चामर युक्त ल्हा: तुतियात पित्तु पिया: पिया: ।
थ:मुले गबले तया: स्वत, न्याक्क गबलें घयपुना:
तनय तिति याना: थ्यना: च्वन थ:गु स: थमनं नुना:।
निकट दूरे ख्यूँगु खन्यदत मेघ थें धू अन ब्वया:
थोगु न्हाय्पं सलख्वलं नंन्या:गुयें स: तायदया:।
भति लिपा अमि रत्न तिलहिल कर्णकण्ठे थोगुलिं
पलपसा अन तोगु खन्यदत शीघ्र सत्तिक थ्योंगुलि ।

सल गया: वैच्वन सचिवपिं सहित जुजु शुद्धोदन,
सुत खना: रवि कमल-ख्वालं थ:गु पत्र मिखा कन।
पुत्रस्नेहं च्या:गु दीपं वैगु मनया मन्दिरे
यचुल खन्यदत शान्तिदेवी दुम्ह सुधारस थ: करे।

न्ह्योन्य दुगु धन सकल सेवकपिन्त यक्व इना: बिल,
विविध बस्त्र, तिसा बिया: परिचारिकापि ह्येकल।
थ: प्रिया पत्नी महामाया खना: हर्षित जुया:
मेगु मखना: बीगु छु अनिमेष दृष्टि च्वन स्वया:।
थ:गु हृदये भाव ल्यूल्यू मेगु नूतन भावना
यागु वेगवती नदीया भंग वै थें मा: हना:
ल्हा:गु मखु वं छुं खँ रानीयागु प्रेम लना: लना:,
भ्र्यातुया: उगु प्रेम गुलि गुलि च्वंगु ज्वी ब्वातां दना:।
पलख लिपते शाक्यराजं हर्ष गद्गद् मन जुया:
थ:म्ह रानीयात "माया।" धुलि धया: च्वन: ख्वा: स्वया:
"नाथ।" धुलि हे व्यूगु उत्तर मेगु वाक्य पिहाँ मव:,
थ: मुले दुम्ह सुत छको स्वत पुलुक वं प्रिय पति छको।
वैगु मनया जा:गु सरया भावनां चाय्का: लुखा
स्व:गु थें च्वं निफुति निकुने प्रणयविन्दुत सो मिखाय्।
भाव ब्वीकल शाक्यनृपतिं थ: प्रियाया हृदयया,
प्राणकण सम थ:गु जीवनसार आत्मज स्वत कया:।
स्पर्श ज्वीवं थ:म्ह शिशुया तन निगू हे लोमन,
थ:गु ल्हा: तुति, हृदयया गति प्राणया पति थें खन।
कपिलपुर दुत यन्यत थ: सुत प्रवल उत्कण्ठा जुल,
सचिव, मन्त्रीपिन्त स:ता मा:गु आज्ञा नं बिल।
"देव। अथ्य हे ज्वी" धया: वन मा:गु ज्या भाला कया:
प्रथम याकन कपिलवस्तुस दूत छ्वत नायखिं बिया:।
भति लिपा गन गन मगा: अन बनस छाय्पल न्यंकहे,
हल्यपता: छपु तरुस ब्वेकल ज्वीक चञ्चल चित्त हे।
सुमनसौरभ व्याप्त याना: व्ह:गु वृक्ष, लता लता,
नेत्र रञ्जन ज्वीक स्वांमा : नाप ब्वेकल ध्वांय् पता:,

मृदु लताया कृतिम कुञ्जत द्वार थें दय्कल गनं,
ल: हवला: बिल धू मब्वेक्यत राजमार्गे सकभनं।
त:गु पथया निख्य सिथे फल जायक स:गु सिमा पिना:
सो उकी बांला:गु गुलि जक बंन्य कुसुमलतां हिना:।
जनसमूहं उगु लँ फुक तोप्वीक हे न्ह्याना: च्वन,
वेग पूर्वक न्ह्याइ थें खुसि सिन्धु थ्यंक्यत याकन।
व:गु लँस्वयत कपिलपुरया पौर ध्वाकां पिन्य लँस
विविध वाद्यत न्याय्क थाना: यन्यत थ:पिनि देशस।
नाप निथ्वलं ला:बले गंगा व यमुना ह्वंगु थें
सीमद्य्क छ्यो जुया: वन ताय्दु केवल रव उथें।
न्हया:गु न्हापां पदगपिं नि लें धुँ ज्या न्हयो न्हयो तया:
ताँइ नाइ, धिमे, भुस्याया ताल लिस्य तुतिपा:कया:।
उगु धुँ ज्याय् दुगु रङ्ग रङ्गगु पाट वस्त्र व चामर
ध्वा: गु पुतुचा चां:हिला: गुलि संगु सोसो फरफर।
वैगु ल्यू ल्यू गुगु धिमे वन "छन्त गुम्ह गुम्ह यो" धया:
वैत "हुंयो" धैगु उत्तर ब्यूगु थें च्वं कें ध्वया:।
नाय्खिने कथि न्याय्क प्याखं हूगु सो गुलि सुंन्दुर,
कें छुस्या लिस्य पूगु काहा ज्वीक मन हे चञ्चल
त:गु तंसाय्का: छचालं जायक हे रंगं च्वया:
था:गु दापा ताल लंपो ता: लिना पोंगा पुया:।
मनस खुलु खुलु मिंक राग बसन्त गुजराती पुया:।
अस्तराया ताल थाना: न्याय्क " घें घें धा: भुस्या:।
प्या: छचुं निख्यरं तया: त ग्गोगु भ्र्यातुगु दंगलं
था:गु "दिगि दुं दुं " भुस्या लिस्य ताय्दु ग्रहया ताल नं।
शुद्ध स्वरया नाप गवलें तीव्र मध्यम नं कया:
च्वन मुहाली गौडशारङ्ग धुं कया: प्याखँ हुया:।
बय् पुया:वल राग पटमञ्जरि पचिं गुलि संगु सो।
ताल लंता: था:गु कौंचाखिं बभू लिस्य न्या:गु सो।
रसनया प्वालं व पीलु राग प्याहाँ व:गुलिं
नाप लायत धोल ल्यू ल्यू वैगु प्रेमं सा:गुलिं
च्वेक चोया ताल थाना: नाप वन करताल या

मधुर रबपिं विहगपिं नं ज्वीक मोहित वृक्षया।
रागिनी आशावरी सो बासुरी प्याखं हुल,
ताल जति उख्य घंगला लिस्य पश्चिमाय् गुलि ल्हा: तुल।
ज्येष्टरानीयागु नापं राजपुत्र तया: दुन्य
हल लुँया शिविका प्रसूनं न्यंक छाय्पा: दुन्य पिन्य।
कण्ठ कोकिल गायिकापिनि शंकर संगीतया
शब्द लिस्य परताल दबदब था:गु तिनिमुनि नं तया:।
तास तिनिखाङ्ग्वापने जलि बत्तुया बुत्ता तया:
म्हैं पुया: लुँगजू तया: गं धंगला मा: स्वर्णया,
ह:म्ह किसिया म्हे लँया आमलिखते दुन्य फेत्तुना:
दिव्य मणि भूषण तिया: वल शाक्यपति दांपो ज्वना:।
मोतिमालाया लिबिं दुगु राजछत्र कुया: फुसे
वैत निम्हस्यं निख्यर गाय्कुगु संगु सो च्वामो फसे।
सचिवपिं मन्त्री व सेवकपिं वया: च्वन सल गया:
थीगु पिलि पिलि रत्न तिल, हिल संक लैं प्याखं हुया:
न्हया: ववं उगु नर-नदीं फल्यचा सत: गुलि खन गुलि!
पथिकपिनि लैं प्यास चा:सा हा: ल्वहँ हिति नं उलि
देशयागु लुखांनिस्यं भ न्यंक लें छाय्पा: तल
निख्य निभ्रो पंया च्वकाय् ध्वाँय् रङ्ग रङ्गगु फरफर।
पाटया दिकमान खाया: मार्गयागु इता थिता
स्पर्श द्वारा सीकि मारुत! दृश्य छं स्वेफै मता:।
व:गु उलि मछि मनुजपिं लैं मुलु दिक्यगु नं थाय् मदु
पिचुगुलिं स्वीतं लुफी जक हा:गु नं छथु खन्य मदु।
देशया मुखद्वार खन्यदत द्वारया पिन्य पा:गगं
था:गु भति ताय्दत फसं उकियागु पाखाय् च्वंगु गं।
दुरु ल्वहँ:या त:धिक:पि सिंह निम्ह ज: ख: तया:
तल शिलाया थांत स्वाना: जाय्क हे बुत्ता किया:।
दुगु उकी पौ भ्रया: क्वता: प्रस्तर त्वल: व गजू लुँ या
उगु लुखा क्वातुगु नँया जा: दुगु निपा खापा दया:।
यन धुँ ज्या गोत्वीक्य म्वा: अन, जा: गपाय्मछि जा:गु सो
स्वर्णया त:जा:गु ख: दुम्ह किसि मचा थें च्वंगु सो।
वन्यव दुन्यसं खन्यदु नित नितजा:गु गृहया भ्रो निभ्रो
त:गु क्वे त:ब्यागु लैं ल्वहतं सिया: अति लोगु सो।
उख्यर मुगले त:गुलिं अप्पां सिया: गुलि ह्याउँगु,
सुचुगु ध:ना: मदु गनं खन्य, पिचु गुलिं चुलुथ्यू बरु।
स्वेत वैच्वन मिस्त ब्वां क्वखचां मचात लुकुं छिना:,
वल गुलि चुकया लुखां प्याहाँ मचा घय्घय् पुना:।
भति उख्यर हे खन्यदु गृह ह्याउँगु चिकं अप्पां दना:
तल च्वते बुत्तात तकि तकि दुगु सिँयागु सँभ्र्या: छुना:।
छपू त्वनासीं म्हालिकाचा त:गु गय्का: छम्ह छम्ह,
भ्र्या: क्वताले ल्वेक म्हेखां नृत्य या:गु सप: दुम्ह,
सिंह वाहाँ खा:गु प्याहाँ व:गु सिँधलिंया त्वँथे
नागबिलि दुगु मुसिँ च्वकाय् ताना: म्हुत: स्वां हंगु थें।
निख्यर निम्ह हितिमङ्गलं वांन्या: दरालीया च्वका
उगु सँभ्र्याले च्वंगु भ्र्या:प्वा: वायुयागु लुखा मखा:!
भ्र्या: पतिं बांला:गु बुत्ता दुगु दलू खाया:तल,
वैगु क्वे खन्य दयक जात्रा पथस बुलहूँ न्ह्या: वल।
चीनया भिंभिंगु भ्र्या:काप: फसं प्याखं हुल,
खन्यद्या: लं सुन्दरीपिनि ख्वा: न्यता: नं ह्याउँल।
स्वे मछा: अमिसं व जात्रा छ्यों भचा हे पित हया:
थ:गु गाचो साँत्तु साला: लिचिल मन भति तोपुया:।
ल्यून्य छम्हस्यं घ्वात्तु घ्वाना:उगु बथाने क्यन ल्यया:,
मेम्ह फ:स्वत 'गुलि छि हिसिमदु स्वे मयो छिमि ख्वा:' धया।
अमिगु अभिनय फ्वी मलाकं शाक्यजुजु किसिम्हे गया
व:गु खन्यदत दां ह्व ह्वं लें सकभनं पास: कया:।
कमल सदृशगु अमिगु ल्हातं ताय् अभीर फिपू ह्वला:
ह:गु केशर हा:गु धाय्ला वा व कपनं छा:गु ला!
छिलिक अमि चुडि न्या:गु शब्द तरुणतस्यं फुक ताय् कल,
लें दना: गुलि छा:गु सो सो अमि मिखा भ्र्याले ब्वल
अमिगु सालुगु भिंगु रेशमयागु गाचो फ:पुल,
पुलुक अमि सुन्दरगु रुप व युवक नेत्रत धोदुल।
स्वेत नवयुवतीपिसं ख्वा:ब्वे मछाला याकन
मातने बां दुगु तिकाभ्र्या:यागु प्वालं स्व: वन।

*साभार : सुगत-सौरभ महाकाव्यं*

# आचार्य बसुबन्धु

+ रत्नसुन्दर शाक्य



रत्नसुन्दर शाक्य

बुद्ध- शासनको इतिहासमा आफ्नो बेजोड प्रतिभाबाट आफ्नो कीर्ति सदियों सम्म कायम राख्नमा सफल हुनुभएका केही प्राचीन बौद्ध दार्शनिकहरुमा आचार्य बुसुबन्धु पनि एक प्रमुख हुनु हुन्छ।

उहाँको जन्म ईशाको चारौं शताब्दीको उत्तरार्द्धमा प्राचीन गान्धार प्रदेशको पुरुषपुर (पेशावर) नगरमा एक कौशिक गोत्रीय ब्राम्हण परिवारमा भएको थियो। उहाँ आफ्नो माता-पिताको मझला पुत्र थिए। उहाँको ज्येष्ठ भ्राता आचार्य असंग जो महायान बौद्ध दर्शनका विज्ञानवाद परम्पराका प्रमुख आचार्य थिए त कनिष्ठ भाई विरञ्चिवत्स सर्वास्तिवाद बौद्ध निकायका एक पण्डित थिए। यस प्रकार तिनैभाई बुद्ध-शासनको इतिहासका नामूद व्यक्तित्वहरु थिए।

बालक बसुबन्धुले पुरुषपुर र काश्मीरमा आफ्नो अध्ययन सकाई मगधाको अयोध्यामा आउनुभएको थियो। त्यसताका अयोध्या (साकेत) विद्वत भूमिको रुपमा प्रख्यात थिए। यही उहाँले आफ्नो अध्ययन जारी गरी आफ्नो गुरुवर आचार्य बुद्धमित्र तर्फबाट प्रव्रजित भई हीनयानी (स्थाविरवादी), भई विस्तृत अध्ययन-मनन गर्दै जानुभएको थियो।

बाल्यकालदेखि नै तीक्ष्ण, तार्भिक एवं शास्त्रार्यप्रेमी हुनुभएको वसुबन्धुले उत्तरभार-त एवं मगधका कयौं बौद्ध स्थलहरु र अध्ययन केन्द्रहरुमा पुगी त्यहाँका प्रतिष्ठित विद्वान्हरुसित समागम वा सत्संगत एवं प्रेरणा प्राप्त गर्दै जानुभएको थियो। तिब्बती इतिहासकार बुस्टोनको भनाईअनुसार वैभाषिक आचार्य संघभित्र पनि वसुबन्धका एक गुरुवर थिए। यस्तै चीनी यात्री हुयन-साङ (सातौं शताब्दी) ले बसुवन्धुका एक गुरु आचार्य मनोरथ पनि थिए भनी उल्लेख गरिराखेको छ।

आचार्य बसुबन्धुको जीवनी चीनमा भारतीय ग्रन्थहरुका अनुवादक कुमारजीव (सन् ३४४-४१३) ले इश्वी ४०१ को आसपासमा लेख्नुभएको थियो जुन पछि लुप्त हुँदै गए। यस्तै उहाँको दोस्रो जीवनी (चीनी भाषा मै) धर्मप्रचार्थ चीन पुग्नुभएका दोस्रो महान भारतीय अनुवादक परमार्थ (सन् ५००-५६९) ले लेख्नुभएको थियो। यसैलाई जापानी बौद्ध विद्वान प्रो. बुनिओ नान्जिओ (सन् १८४९-१९२७) ले आफ्नो शूचीपत्रपुस्तक (Catalogue of the Chinese Translation of the Buddhist Tripitaka) मा १४६३ नम्बरको रुपमा प्रस्तुत गर्नुभएको थियो। यसै बसुवन्धको जीवनीलाई जापानकै संस्कृत एवं चीनीभाषाका विद्वान जुन्जिरो ताकाकुसु (सन् १८६६-१९४५) ले अंग्रेजीमा अनुवाद गरी एक वृहत समालोचनात्मक निबन्ध समेत राखी प्रकाशन गर्नुभएको हाल उपलब्ध छ।

आचार्य बसुबन्धुको जीवनीमा एक ठाउँमा उल्लेख गरिराखेको छ कि उहाँको वाल्यावस्थामा उहाँकी आमाले आफ्ना पुत्रहरुलाई स्वयंले शिक्षा-दीक्षा दिनमा अतिनै मद्दत गरेकी थिइन्। एकदिन उनीले बसुबन्धुलाई सुसुचित गरेकी थिइन् छोरा। तिमी सांसारिक गतिविधिमा लाग्नुको निम्ति जन्मेको होइन न त परिवार संभाल्नको निमित्त नै। तिमी धर्मविजयी भई धर्मको व्यापक प्रचारको निमित्त जन्मेको हो। अत: म चाहन्छु तिमी एक भिक्षु भई

तीन खण्डको रुपमा रहेको त्रिपिटक साहित्यको विस्तृत अध्ययन-मनन गर्न, बुद्ध-धर्मको निमित्त आफै समर्पित होऊ ।

आमाको तर्फबाट यसप्रकार प्रेरणा पाई बसुबन्धुले आफ्नो दाजु असंग सरह प्रवजित भई विद्याध्ययनमा प्रगति गर्दैलगे पछि मगधको नालन्दामा पनि आई वर्षौं रही हीनयानी त्रिपिटक साहित्यको साथै त्यसबेला सम्ममा व्यापक भइसकेको बौद्ध-धर्मको १८ निकायको बारेमा पनि पूर्ण ज्ञान हासिल गर्नुभएको थियो ।

आचार्य बसुबन्धुले अभिधर्मका सात ग्रन्थ ( धम्मसंगिनी, विभंग, धातुकथा, पुग्गतपञ्जति, कथावत्थुरपकरण, यमक र पट्ठान) र विनयको चार ग्रन्थ (पाराजिका, पाचित्तिय, महावग्ग र चुलवग्ग) मा पूर्णता प्राप्त गर्नुभएको थियो ।

आचार्य बसुबन्धुले पछि आएर विशेष रुपमा रचना गर्नुभएको "अभिधर्मकोश" ग्रन्थको प्रसंगमा महापण्डित राहुल सांकृत्यायन (सन् १८९३-१९६३) ले उल्लेख गरिराख्नु भएको छ -

"आचार्य बसुबन्धुने बौद्ध त्रिपिटक के सारके रुपमें" अभिधर्मकोश को लिखा। पिछ्ली सोलह शताब्दियों में यह सब से अधिक पढा जानेवाला दार्शनिक ग्रन्थ है । आज भी जापान, चीन, तिब्बत और मेगोलिया मैं यह पाठयग्रन्थ है । थेरवादी बौद्ध भी उसमें अपनी बातें पाते है, इसलिए बह भी उसे बडे चाजसे पढते है ।"

आचार्य बसुवन्धुले "अभिधर्मकोश" ग्रन्थ आठ परिच्छेद (धातु, इन्द्रिय, लोकधातु, कर्म, अनुशय, आर्यमार्ग, ज्ञान एवं ध्यान)को रुपमा ५९५ कारि ( पद्यावली) हरुको रुपमा लेखी तयार गर्नुभएको थियो । उहाँले प्रत्येक कारिकाको भाष्य (व्याख्या) पनि स्वयंले लेखी प्रस्तुत गर्नुभएको थियो ।

आचार्य बसुबन्धुको यस "अभिधर्मकोश" ग्रन्थलाई बेल्जियमका महायानी बौद्ध विद्वान प्रो.लुइस डे ला भ्याली पुसेन ९एचयत।यिगष्क म्भीब ख्बभिअ एयगककष्क ज्ञडटढ(ज्ञढघढ०ले चीनीभाषाबाट फ्रान्सिसी भाषामा अनुवाद गर्नुभएको थियो । यसैलाई आधार लिइ रामोदर साधु (पछि राहुल सांकृत्यायन) ले श्रीलंकामा संस्कृतका अध्यापक भई पालि साहित्य अध्ययन गरिरहनु भएको बेला यस पुस्तकलाई संस्कृतमा सम्पादन गर्नुभएको थियो । राहुलको यस ग्रन्थ सन् १९३१ मा "काशी विद्यापीठ" बाट प्रकाशित भएको थियो । स्मरणीय छ । पछिआएर सन् १९३६ मा, राहुल सांकृत्यायनले आफ्नो तेस्रो तिव्वत यात्रामा आचार्य वसुवन्धुको मल संस्कृत ग्रन्थ " अभिधर्मकोश - भास्य पत्ता लगाई लिएर आउनुभको थियो ।

आचार्य बसुवन्धुको 'अभिधर्मकोश' ग्रन्थको अपार महत्वलाई हृदयगम गरी रुसका सुप्रसिद्ध बौद्ध विद्वान आचार्य थिचोडर श्चेर्वात्स्की (सन् १८६६-१९४२) ले यस ग्रन्थको विभिन्न पाठभेदको अध्ययन र संशोधन हेतु २० औं शताब्दीको पहिलो दशकमा "अन्तर्राष्ट्रिय परियोजना" समेत तयार गर्नुभएको थियो । यस परियोजनामा बेल्जियमको तर्फबाट लुइस डे ला भ्याली पुसेन, इङ्लैण्डका तर्फबाट डेनिस न रास र जापानको तर्फबाट प्रा. बोगिहारा जस्ता विद्वानहरु सम्मिलित भएका थिए ।

आचार्य बसुबन्धुको "अभिधर्मकोश" ग्रन्थ मध्य-एशियाको उइगुर भाषामा पनि प्राप्तभएको थियो । सो ग्रन्थ मध्य-एशियाको पूर्वी तुर्किस्तानमा हंगेरिका डा. ओरल स्टाइन (Dr. Aurel Stein-Hun garian) पत्ता लगाउनु भएको थियो । रुसी विद्वान थिचोडर श्चेर्वात्स्कीले उइगुर भाषाका ज्ञाता फ्रेन्च विद्वान आचार्य सिलेवन लेवी (सन् १८६३-१९३५) सित विशेष भेटघाट गरी उहाँ सित "अभिधर्मकोश" ग्रन्थ अध्ययनको निमित्त परियोजना तयार गरेको बारे विचार विमर्श गरेका थिए ।

आचार्य बसुबन्धुको प्राप्त भएको ५५ वटा कृतिहरुमा एक अन्य विशेष प्रचार-प्रसार भएको कृति हो- "विज्ञप्ति मात्रता सिद्धि" । यस ग्रन्थ पनि मूल संस्कृतबाट चीनीभाषामा चीनी यात्री हुयन साङ्ले अनुवाद गरिराखेकोलाई लुइस डेला भ्याली पुसेनले फ्रेन्च भाषामा अनुवाद गरी सन् १९२९ मा पेरिसबाट

प्रकाशन गरिएको थियो ।

विशंतिकाको रुपमा २२ र त्रिशिकाका रुपमा ३० कारिका (पद्यावली)को रुपमा रचित (भाष्य समेत राखी) "विज्ञप्ति मात्रता सिद्धि" नामका यस ग्रन्थ विश्वका विभिन्न भाषाहरुमा अनुवाद भइसकेका छन्, प्रमुख निम्न छन् -

१) विज्ञप्ति मात्रता सिद्धि- फ्रेन्च अनुवाद- सन् १९३२- सिलवेन लेवी

२) विज्ञप्ति मात्रता सिद्धि- जर्मन अनुवाद- सन् १९३२- एच.जाकोवी

३) विज्ञप्ति मात्रता सिद्धि - जापानी अनुवाद- सन् १९५२- डा. उई

४) विज्ञप्ति मात्रता सिद्धि- जापानी अनुवाद- सन् १९५२- प्रो. यामागुची

५) विज्ञप्ति मात्रता सिद्धि- जर्मन अनुवाद-सन् १९५६- स. फ्राउवाल्नर

६) विज्ञप्ति मात्रता सिद्धि- हिन्दी अनुवाद- सन् १९६६- डा. महेशतिवारी

भारतका महापण्डित राहुल सांकृत्यायनले पनि चीनी यात्री हुयन साङ्गद्वारा चीनियाभाषामा अनुवाद गरिराखेको "विज्ञप्ति मात्रता सिद्धि शास्त्र" को केही अंश श्रीलंकामा रहनुभएको बेला आफ्नो चीनी मित्र वाङ-मो- लम्‌को सहयोग लिई चीनीभाषाबाट संस्कृतमा पुनरुद्धार गरी त्यसताका Bihar and orissa Research Socity को शोध पत्रिकाको १९ र २० औं भागमा प्रकाशित गरिएको थियो ।

यस प्रकार ईशाको चारौं-पाचौं शताब्दीका एक सुबिख्यात बौद्ध दार्शनिक हुनुभएका आचार्य बसुबन्धुका त्यसताका नै अभिधर्ममा स्थिरमति, प्रमाण (तार्किक) मा दिग्नाग, विनयमा गुणप्रभ र पारमितामा विमुक्तसेन जस्ता विज्ञ शिष्यहरु तयार हुनु र सो बेला देखि हालसम्म पनि उहाँको कृतिहरुमा दिलोज्यान दिइ लाग्नेहरु हुनु बौद्ध जगतको निमित्त अति गौरबको कुरा हो ।

जीवनको अन्तमा, आचार्य बसुवन्ध नेपालमा आउनुभएको र यहाँ महायानबौद्ध धर्म प्रचार गरी स्वयम्भू महाचैत्य परिसर मै निधन भएको कुरा कुनै कुनै लेखकहरुले उल्लेख गरिराखेको भए पनि प्रायले उहाँको जीवनको अन्त, उहाँको दाजु आचार्य असंगको निम्तोमा गान्धार (पेशावर) मै पुग्नु भई त्यहाँ योगाचार मत विज्ञवाद परम्परामा पूर्ण रुपमा लागि त्यही आफ्नो ८० वर्षको जीवन काल पाचौं शताब्दीको मध्यतिर अन्त गर्नुभएको उल्लेख गरिराखेका छन् ।

-सन्दर्भ

१) अभिधर्मकोश :- आचार्य बसुवन्धु- प्रणीत: महापण्डित- त्रिपिटकाचार्य राहुल सांकृत्यायन- विरचितया .... वारणस्यां- काशी विद्यापीठेन प्रकाशित- वि.सं. १९८८

२) विज्ञप्तिमात्रतासिद्धि- श्री मदाचार्यबसुबन्धुकृता सम्पादक एवं अनुवादक- डा. महेश तिवारी चौखम्बा विद्याभवन वाराणसी-१९९५

३) पाँच बौद्ध दार्शनिक- राहुल सांकृत्यायन सम्पादक- कमला सांकृत्यायन वाणी प्रकाशन भई दिल्ली- १९९४

४) भारत की छवि- ग.बोंगार्द. लेविन अ.विगासिन प्रगति प्रकाशन, मास्को-१९८४

५) Indian Buddhist Pandits- Lobsang N. Tsonawa Library of Tibetan Works and Archives-1985

## भर्तृहरि-नीतिका अर्ध-शतक

*विद्वान्‌हरु ईर्ष्या र द्वेषबाट पीडित*
*छन्, राजाहरु (अधिकारीगण) गर्वबाट चूर छन्,*
*अन्य व्यक्तिहरु अज्ञानमै मस्त छन् तसर्थ*
*सन्तजनहरुको सद्-उपदेश (सुभाषित वचन)*
*उहाँहरुको आ-आफ्नै मनभित्र*
*विलीन (जीर्ण) हुँदै छन् ।*

# 'ख्वपदेया विहार बहीया जात:' कृति पढ्दा

✍ विष्णुगोपाल कुसी

पुराना पुराना मुद्रा, अभिलेखप्रति चासो राखी खोजीनीति गरी अध्ययन अनुसन्धान गर्ने सुरेश ज्योति शाक्यको 'ख्वपदेया विहार बहीया जात:' भक्तपुरका विहारहरुबारे अध्ययन गर्न लायकको एक खोजमूलक कृति हो । बौद्ध धर्म, बौद्ध दर्शन र बौद्ध कलाको महत्त्वपूर्ण आधारशिलाको रुपमा रहेको विहारको वस्तुस्थिति, विहारको सञ्चालन, सम्पदाको संरक्षण र जिम्मेवारीबारे कृतिमा वर्णन गरिएको छ । लिच्छविकालदेखि प्रारम्भ भएका यहाँका विहार, चैत्य र बौद्ध सम्पदाहरु मल्लकालीन समयमा पुन:निर्माण, जीर्णोद्धार गरी विहारको विकास भएको अभिलेखले देखाएको छ । तिनै विहार र बौद्ध सम्पदा बुद्ध धर्मको विकासको आधारस्तम्भ बनेको छ । बुद्धसम्बन्धी ज्ञान र उपदेश छर्ने, अनुभव साटासाट गर्ने थलो बनेको छ विहार । लिच्छवि, ठकुरी र मल्ल राजाहरुको शासन कालमा बनेको बिहार र चैत्यको वस्तुस्थिति अध्ययन गर्दा उपत्यका बौद्ध धर्मको प्रचार केन्द्र रहेको अनुभूति हुन्छ ।




जसको शासनकालमा जहाँ जे जति विहार र चैत्यहरु बने ती सबै बौद्ध कला हुन्, बौद्धमार्गीका प्रतीक र आस्थाका धरोहर हुन् । बौद्ध सम्पदाको कला र कृतिले, मूर्ति र मन्दिरले उहिल्यै यहाँ बौद्ध कलाकार या मूर्तिकारहरु रहेछन् भन्ने थाहा हुन्छ । बौद्ध मार्गीहरुको आस्था जोगाउन र जीवन्तता दिन नै बौद्ध दर्शनार्थी, बौद्धमार्गी, बौद्ध धर्म र दर्शनका चिन्तक, सम्पदाप्रेमीहरुले विहार निर्माण गरे, जीर्णोद्धार गरे । उहिले बनाएका ती विहार, चैत्य जस्ता बौद्ध सम्पदाहरु आज जीवित सम्पदाको रुपमा रहेका छन् । ती सम्पदाहरु आस्थाका धरोहर बनेका छन् । विहार र चैत्यहरु बौद्ध सम्पदामात्र होइन त्यो कला र संस्कृति पनि हो । त्यसको संरक्षण, जीर्णोद्धार गरेर जीवन्तता दिनु हाम्रो दायित्व हो । बाबु बाजेले राखेको दत्त अब चट्ट गर्नेतर्फ सोच्नु हुँदैन, धर्म नष्ट गरेर सम्पत्तिको लोभमा आँखा गाड्नु ठीक होइन ।

कतिपय विहारहरु आजभोलि बुद्ध धर्म, दर्शन र विचार प्रचार गर्ने थलो बनिरहेको छ । नियमित धर्मकर्म गर्ने संस्कृति जोगाउने कार्यमात्र होइन बुद्धको शिक्षा प्रचार गर्ने केन्द्र बनिरहेको छ । धर्मदेशना गर्ने, पञ्चशील र अष्टशील पालना गर्ने, विभिन्न बौद्ध विद्वान र भिक्षुहरुमार्फत बुद्धसम्बन्धी ज्ञान छर्ने थलो बनिरहेको छ । यसरी विहार सर्वसाधारण जनतामाझ बौद्ध दर्शन र विचार छर्ने शिक्षालयको रुपमा विकास भइरहेको छ । यसकारण बौद्धमार्गीहरु विहारलाई बौद्ध दर्शनमा आधारित आस्थाको केन्द्र ठान्छन् । लेखक शाक्यको पनि त्यही अभिमत रहेको छ ।

बौद्ध ग्रन्थका अनुसन्धानकर्ता सुरेश ज्योति शाक्यले यस कृतिमा विहार बहीको परम्परा, विहार बहीको उद्देश्य र महत्त्व, विहार बहीको दार्शनिक पक्ष, ऐतिहासिक पृष्ठभूमि, विहार बहीको स्थिति, विहारमा रहेका बौद्ध सम्पदा र विहार बहीबारे हालसम्म प्राप्त

अभिलेख र सन्दर्भ सामग्रीहरुको उल्लेख गरेका छन्। विहारको संरक्षणमा समर्पित, जीर्णोद्धारकर्ता, विहारको स्थापना काल र जीर्णोद्धार समय, बौद्धिक परम्परा र संस्कृति, दायित्व, विहारको नामकरण, विहारको धार्मिक गतिविधिको चर्चा गरिएको छ। कुन विहार कहिले कसले स्थापना गरेको हो भन्नेबारे सबैको अभिलेख नभए पनि विहारको प्राप्त अभिलेख र तिथिमितिको आधारमा विहारको विकासबारे चर्चा परिचर्चा गर्न सजिलो बनाइएको छ। विहारको तिथिमिति र अभिलेखको आधारमा यहाँका विहारहरु एकै समयमा नबनाएको देखिन्छ। लेखक शाक्यकै अनुसार कति विहारहरु जीर्ण अवस्थामा रहेको र कतिपय लोप भइसकेको छ।

भक्तपुरको विहार बहीको ऐतिहासिक पृष्ठभूमिमा उल्लेख भएका सन्दर्भहरु यहाँ चर्चा गर्नु सान्दर्भिक हुनेछ। शिलालेखमा उल्लेख भएअनुसार लिच्छविकालमा भक्तपुरको प्राचीन नाम खकाम्प्रिङ ग्राम, खृपृङग्राम, खोपृङ, माखोपृङ, कान्तिपुरको प्राचीन नाम यूप ग्राम उल्लेख गरिएको छ। किरातकालमा खृपृङ ग्राम, लिच्छविकालमा खोपृङ ग्राम, माखोपृङ द्रङ्ग, मध्यकालमा ख्वप, मल्लकालमा भक्तपुरी महानगरी, शाहकालमा भातगाउँ नामकरण भएको कृतिमा उल्लेख छ।

मूल दीपङ्कर विहार क्वाठण्डौस्थित पुरानो विहार हो। यस विहारको वरपर धर्मकीर्ति, विखु, मञ्जुवर्ण, प्रसन्न, माथूर र कोथो विहार रहेका छन्। प्रसन्न महाविहारलाई पशुपति र मञ्जुवर्णलाई मयूर वर्ण विहार भनिएको कृतिमा उल्लेख छ।

आदिपद्म महाविहार साविक भनपा वडा नं १ हाल वडा नं ९ स्थित सूर्यमढी दबुको दक्षिणतिर पर्छ। उक्त विहारलाई स्थानीय जनता तुं बहः भन्छन्। तौलाछें टोलको विहार भएकोले तो विहार नामकरण भएको हो कि भन्ने अनुमान लेखकको छ। विहारको प्राङ्गणमा लिच्छविकालीन चैत्य भएकोले यस टोलमा लिच्छविकालमै विहार भएको अनुमान गर्न सकिन्छ। तुं बहालस्थि बौद्ध सम्पदाको २०७०।०५१ मै स्थानीय वडा कार्यालयले जीर्णोद्धार गरेको थियो। पञ्चदानको बेला सूर्यमढी दबुमै पाँच दीपङ्करहरुको भेला गरी पञ्चदान पर्व मनाइन्छ। अनि नगर परिक्रमा गराइन्छ। लेखक शाक्यले तुँ विहारको प्राप्त अभिलेखको पनि चर्चा गरेका छन्।

इनाचो टोलमा अवस्थित इन्द्रवर्ण महाधिर (इन्द्रवर्त महाविहार) यहाँको अर्को महत्त्वपूर्ण विहार हो। यो नेपाल संवत् ७४१ मा राजा जगज्योति मल्लको पालामा विभिन्न बुद्धाचार्यहरुले निर्माण गरेको कृतिमा उल्लेख छ।

इन्द्रवर्ण महाविहारकै दक्षिणतिर मुनीविहार नामले प्रचलित धर्म उत्तर महाविहार (इना बहाः) रहेको छ। विहार निर्माण गर्ने मुनी बुद्धाचार्यको नाउँको यो विहारलाई पछि धर्म उत्तर विहारको नामकरण गरिएको वर्णन छ। यहाँ रत्न भन्तेको बसाइपछि यो विहार थेरवादी विहार मुनिविहार रहन गएको बताइन्छ। भक्तपुरमा थेरवादी बुद्धधर्म प्रवेश भएको यो पहिलो विहार मानिन्छ।

हनुमानघाटको पच्छिम दिशामा रहेको भनिएको खुसिविहार (शुक्रवर्त विहार) त्यति चर्चामा छैन।

भक्तपुरको अर्को महत्त्वपूर्ण र कलात्मक विहार चतुर्ब्रम्ह विहार हो। भक्तपुरको विश्व सम्पदास्थल लायकु र नेपालकै सबभन्दा अग्लो विश्व प्रसिद्ध पाँचतले मन्दिरसँगै रहेकोले पनि यो विहारको महत्त्व बढेको हो। नेपाल संवत् ६११ मा राजा रायमल्लको पालामा बनेको यो विहार पर्यटकहरुको आकर्षणको थलो बनेको छ। यो विहारको भनपाले जीर्णोद्धार गरेको थियो।

बोलाछेँ टोलको ढुङ्गेधारासँगै रहेको अखण्डशील महाविहार (अखःबहाः), खौमामा अवस्थित लोकेश्वर (जेत वर्ण) महाविहार, तेखाचोको जेतवर्ण (निवाः बहाः), इटाछेँको नः पुखु (पोखरी) सँगै रहेको जेष्ठ वर्ण, सुकुलढोकामा रहेको सुकू ध्वाका वही (लुँ वर्ण) धर्मकीर्ति विहार यहाँका अन्य विहारहरु हुन्।

गोल्मढी टोलको सडकसँगै रहेको भौरवही (मङ्गल धर्म दीप) यहाँको अर्को चर्चित विहार हो। भक्तपुर नगरपालिकाले यो विहारको पुनः निर्माण गरेको थियो। यो विहार पनि पर्यटकहरुको लागि आकर्षण केन्द्र बनेको छ।

नःपुखुको पच्छिमतिर रहेको थथुवही (जयकीर्ति) विहारलाई शुक्रवर्ण महाविहार पनि भनिन्छ। यस विहारको

प्राङ्गणलाई भुइँखेल भनिन्छ । यही भुइँखेलमा प्रत्येक वर्षको माघ १ गते सम्यक महादान हुन्छ । यस विहारको दक्षिणतिर कुथुबही (बौद्ध समकृत) विहार छ । थथुवहीको नेस ७९४ मा र कुथुबहीको नेस ८६८ मा जीर्णोद्धार गरिएको अभिलेख छ ।

लेखकले पुस्तकमा भक्तपुरमा लोप भइसकेका, कहीं कतै अवशेषमात्रै बाँकी भएका विहारको पनि चर्चा गरेका छन् । सुडालको ल्हासा पाक्वे ससुद्यो क्षेत्रमा रहेको उद्योत काव्ये विहार, तचपालस्थित मण्डेविहार, कोथो विहार (लामगाल र मूलढोका) बीच हुनुपर्ने, कमलपोखरी क्षेत्रमा रहेको याथूर विहार, पेत बहाल, यालाछें बही आदि लोप भइसकेका विहारहरु हुन् ।

लेखकले विहारसम्बन्धी प्राप्त अभिलेख, तमसुक, शिलालेखमार्फत विहारको चिनारी दिएर सजीवता प्रदान गरेका छन् । कही कतै प्राप्त अभिलेखको आधारमा विहारको अनुमान गरेर वर्णन गरिएको छ । कति विहारका अभिलेखहरुको जानकारी नदिँदा विहारको इतिहासबारे खोतल्न समस्या देखिएको लेखकको दुखेसो छ । विहारको परिचय र स्थापना निर्माणसम्बन्धी जानकारी दिनुको साथै विहारको कर्मकाण्ड र बौद्ध सम्पदाहरुको उल्लेख पनि पुस्तकमा गरिएको छ । विहारका अभिलेखहरु नपाएर उनले असन्तोष पनि व्यक्त गरे । ताडपत्र, भोजपत्र, शिलालेख, तमसुक, थ्यासफु प्रमाणको आधार भएको हुँदा त्यस्ता अभिलेखहरु सुरक्षित गरिराख्नुपर्ने देखिन्छ । त्यस्ता अभिलेखहरु हराएको, नष्ट भएको हुँदा विहारको विकासक्रमबारे यथार्थ विवरण दिन समस्या भएको लेखक शाक्यको तर्क छ । कति दीपङ्कर बुद्धका अभिलेख अङ्कित गरगहना पुरानो हटाएर नयाँ बनाउँदा पनि प्रमाण लोप भएको अर्को आशङ्का छ । नेपाल संवत् ४७० मा सुल्तान शमशुद्दिनको आक्रमणमा भक्तपुरको सम्पदा र सम्पदाका अभिलेख या प्रमाणका कागजातहरु नष्ट भएको गोपाल वंशावलीमा उल्लेख गरिएको छ । राजा जयाराजदेवको पालामा पूर्वदोलखाको बाटो हुँदै मुस्लिमहरु भक्तपुरमा प्रवेश गरेर आक्र मण गरेको अभिलेख पाइन्छ । अभिलेखमा सात दिनसम्म भक्तपुर जलिरहेको उल्लेख छ । त्यस आक्रमण र आगलागीबाट धेरै सम्पदा र सम्पदाका अभिलेखहरु नष्ट भएको आकलन गर्न सकिन्छ ।

बौद्ध धर्मप्रति कतिपय मल्ल राजाहरुले चिन्ता र चासो नलिंदा, बौद्ध धर्मावलम्बिप्रति हेयको दृष्टिले हेर्दा बौद्ध धर्म त्यति प्रचार नभएको र विहारको विकासमा बाधा पुगेको लेखकको दृष्टिकोण रहेको छ । भक्तपुरमा १५ सय वर्ष पुरानो बौद्ध इतिहास भए पनि बौद्धमार्गीहरुले सही बुद्धधर्म र दर्शनलाई चिन्न नसक्नाले पनि यहाँको विहार र वही भताभुङ्ग भएको उनको विचार रहेको छ । जहिलेसम्म बुद्ध धर्म, बौद्ध दर्शन, बौद्ध कला र संस्कृतिको गहन अध्ययन, अनुसन्धान, गर्ने कार्य हुँदैन, कर्मकाण्डलाई मात्र धर्म सम्झेर अघि बढिरहन्छन् तहिलेसम्म हामी सच्चा बौद्धमार्गी नहुने लखकको ठम्याइ छ । अभिलेखकै आधारमा मल्लकालीन समयमा विहारहरुको निर्माण र बौद्ध धर्ममा चासो नराखेको लेखकको भनाइमा सङ्कीर्ण विचार छिपेको देखिन्छ । राजा आनन्ददेवको पालादेखि भक्तपुरमा राजाहरुले शैव धर्म मानेको, यूथनिमम र त्रिपुर राजदरवार स्थापना गरेको र नेस ४४६ ताका जयरुद्र मल्लको शासनमा हरिसिंह देवको परिवारले भक्तपुरमा तलेजु भवानी ल्याएको आधारमा शक्ति सम्प्रदायको प्रचार भयो भनेर, तलेजु भवानीलाई इष्ट देवताको रुपमा माने भनेर कुदृष्टिले हेर्नु बुद्धिमानी होइन । यसले आफै साम्प्रदायिक भावनाबाट पोषित भएका जोकोहीलाई लाग्न सक्छ ।

बिहारका शिलालेखमा रहेको अभिलेखको सूची, तमसुकको व्यहोरा आदि यस पुस्तकका महत्त्वपूर्ण सामग्रीहरु हुन् । त्यस्तै राजा जय ज्योतिमल्ल सुकुध्वाखा वही उल्लेख भएको लुँवर्ण महाविहारको ताडपत्रको ग्रन्थ, राजा जय जिताभित्र मल्ल देव संवत् ७९७ तुँबहाल उल्लेख भएको ग्रन्थ, दीपङ्कर बिहार देवननीको भण्डारमा भुजिमोल लिपिले लेखेको तमसुक पत्र संवत् ७४४ को बहीद्यः प्रदर्शन गर्ने पञ्चदान उल्लेख भएको तमसुक, संवत् ८८१ को 'क्वाथ बाहार' उल्लेख भएको एक ग्रन्थजस्ता अभिलेखले पुस्तकलाई सजीवता बनाएको छ । लेखक शाक्यलाई साधुवाद ! अनुसन्धानमूलक लेख लेखिरहने एक बौद्ध प्रेमीले आशा गर्नु स्वाभाविक छ ।

# दुःखको स्रोत : शोषक वर्गको शोषण

+ धिरेन्द्रमान बिजुक्छें

५ हजार वर्ष पहिलेको हिन्दु धर्म अनुसार दुःखको श्रोत चार किसिमका मात्र छन्। पहिलो आफ्नै कारण। दोश्रो रोग। तेश्रो, प्राकृतिक प्रकोप। चौथो, मान्छे र जनावरहरुबाट बाह्य आक्रमण। यस सम्बन्धमा हिन्दु धर्मका विभिन्न शाखाहरुमध्ये पाँचौं जगद् गुरु कृपाल जी महाराजको राधे राधे भन्ने एउटा शाखाले अझ बृहत व्याख्या गरेको छ।

कुनै व्यक्ति आर्थिक र भौतिकरुपले सम्पन्न धनी वर्ग वा मध्यम वर्ग वा उच्च कुलिन वर्गका भए पनि त्यसले जुवा तास खेल्ने, साथीहरु पछि लगाएर बेहिसाबसित पैसा खर्च गर्ने बानी, लागुपदार्थ सेवन जस्ता कुलतमा लागेर भए भरको सम्पत्ति स्वाहा गरेर दुःख पाइन्छ भने आफ्नै कारणबाट पाउने दुःख हो। यसलाई पहिलो दुःखको श्रोत भनिन्छ।

क्यान्सर, क्षयरोग, महारोग , मस्कुलर डिस्ट्रोफी, पक्षघातजस्ता वंशाणुगत रोग, हैजा, निमोनिया, विफरजस्ता सरुवा रोगहरुबाट हुने दुःखलाई रोगको कारणबाट हुने दुःख भनिन्छ। यस्लाई दुःखको दोश्रो श्रोत भनिन्छ। रोगी भएर आफ्नो पढाई र प्रगति गर्न असमर्थ हुनुको साथसाथै पैसा कमाउन अन्य व्यवसायमा लाग्न नसक्नु र उल्टै स्वास्थ्य उपचारमा पैसा खर्च गर्नुपर्ने हुन्छ। यस्तो भएपछि आर्थिक समस्या हुन्छ नै। बाढी, पहिरो, आगलागी, भूकम्प, माहामारी, ज्वालामुखी जस्ता प्राकृतिक प्रकोप र विभिन्न दुर्घटनाबाट मृत्यु वा जिन्दगी भर अन्ध, अपो भइहुने दुःख प्राकृतिक प्रकोपको कारणबाट हुने दुःख हो। यसबाट सम्पन्न व्यक्तिहरु पनि आर्थिक दुरावस्थामा पुग्छन्। यस्लाई दुःखको तेश्रो श्रोत भनिन्छ।

मान्छे , छाडा छोडेका जनावर, घरपालुवा जनावर र जंगली जनावरहरुको आक्रमणबाट हुने चौथो दुःखको श्रोत भनेको कुनै सम्पन्न व्यक्ति वा आर्थिक रुपले ठीक्कको वा अरु कुनै व्यक्तिलाई शेर, बाघ, भालु, चितुवा, हात्ती जस्ता जंगली जनावर, गाई, गोरु, साँढे , कुकुर जस्ता छाडा जनावरहरु र भैंसी, बाख्रा-बाख्री, गाई, कुकुर जस्ता घरपालुवा जनावरहरुको आक्रमणबाट मृत्यु हुनु वा घाइते हुनु वा जिन्दगी भर अन्ध, पो हुनु अनि आफ्नै बाजे बराजु, बा, आमा, दाजु, भाइ, नजिकका इष्ट, मित्रहरुबाट बेइमानी हुनु हो।

यसरी , ५००० वर्ष पुरानो धर्मशास्त्र वेदले दुःख चार किसिमको मात्र हुन्छ भनी व्याख्या गरेको छ। वेदलाई नै सबैभन्दा पुरानो धर्मशास्त्र भनी मानिन्छ। वेद र त्यसपछिको कुनै पनि धर्मशास्त्रले दास मालिक, सामन्ती, विस्तारवादी, उपनिवेशवादी, साम्राज्यवादी, विद्रोह, वर्ग आदिको उच्चारणसमेत गरेको छैन। ती धर्म ग्रन्थहरुमा शोषक वर्गबाट शोषित वर्गमाथि हुने शोषण, दमन र सरकारी अकर्मण्यताको कारणबाट पनि बहुमत शोषित, पीडित जनताले दुःख पाउने सम्बन्धमा केही पनि उल्लेख भएको छैन। शोषण र दुःखबाट मुक्त हुन शोषक वर्गसंग लड्नुपर्छ भनेर यी धर्म शास्त्रहरुले भनेका छैनन्। मौलिक अधिकार, राजनीतिक अधिकार, जन-संघर्ष, जन-आन्दोलन, राष्ट्रिय मुक्ति संघर्ष, समाजवाद-साम्यवाद, क्रान्ति, विस्तारवाद, उपनिवेशवाद, साम्राज्यवाद आदि विषयमा व्याख्या-विश्लेषण गर्ने कुरो त परै जाओस्।

कुनैपनि धर्म वा धर्मशास्त्रले वर्ग विभेद, शोषण, विस्तारवाद, साम्राज्यवाद आदिको उल्लेख नगर्नेको कारण ती धर्म ग्रन्थहरु लेख्ने धर्म गुरु वा ऋषी मुनीहरुलाई दुःखको मुख्य कारण बलियो देशले कमजोर देशमाथि थोपर्ने युद्ध, वर्ग विभेद, वर्गीय शोषण आदिबाट हुने दुःखहरुबारे ज्ञान नै नभएको हुनसक्छ वा शासक वर्गहरुको पक्ष लिएर शासित वर्गलाई मानसिक रुपले नै दबाएर राख्ने उद्देश्य हो। सत्ता पलट गर्न विद्रोह गर्ने जस्ता कुरा सोच्नै नसक्ने बनाउन दुःखको मुख्य श्रोत वर्गीय शोषणलाई लुकाएर दुःख हुनुका चार कारणहरु उल्लेख गरे र गरीब हुनु तथा रोगी हुनुपूर्व जन्मको फल भनी लेखे। दुःखका चार कारणहरु सही छन्। त्यस्लाई हामीले ग्रहण गर्नुपर्छ। विभिन्न धर्म वा धर्म शास्त्रहरुमा व्यापक जनतालाई फाइदा दिने कुराहरुको साथै सँग्सँगै नै जनतालाई मूर्ख बनाउने कुराहरु पनि छन्। जनतालाई फाइदा दिने कुराहरुमा न्यूटनले गुरुत्वाकर्षण सिद्धान्त पत्ता लगाउनु भन्दा हजारौं हजार वर्ष पहिले नै भारतका ऋषि महर्षिहरुले गुरुत्व बलको सिद्धान्त पत्ता लगाइसकेको, अणु परमाणुमा अविनाशी तत्त्व हुन्छ, वन जङ्गलको संरक्षण, पानीको शुद्धताको महत्त्व आदि विज्ञानसम्मत हुन्। व्यापक जनतालाई फाइदा दिने कुराहरुमात्रै ग्रहण गर्नुपर्ने देखिन्छ। धर्म वा धर्म शास्त्रमा धेरैजसो जनतालाई मूर्ख बनाउने कुराहरु भरिएका हुन्छन् र त्यसमा राम्रा र वैज्ञानिक पक्षहरुलाई स्वीकार्नु राम्रो हो। *समाप्त*

# पटाचारा

✦ आभा अवाले 'सद्धम्म कोविद'

बुद्धकालमा कोशल राज्यको श्रावस्तीमा धनाढ्य सेठहरु मध्ये ४० करोड धन भएको सेठको एक्ली छोरीको रुपमा पटाचाराको जन्म भएको थियो । एक त प्राणप्रीय छोरी त्यसमाथि अनुपम सुन्दरी भएकीले पटाचारालाई आमाबुबाले कडा सुरक्षाका साथ सात तल ले भवनको माथिल्लो तल्लामा राखी लालन पालन गरिएको थियो । सेवा टहल गर्न परिचारिकाहरु, अझ सुरक्षित गर्न नोकर चाकरको समेत व्यवस्था मिलाईएको थियो । प्रेम भन्ने नै यस्तो कुरा हो जुन रोकेर रोकिन्न र छेकेर छेकिन्न । जुन पटाचारालाई कसैसँग नबिग्रियोस् नफसोस् भनि मातापिताले कडा सुरक्षामा राखि बाहिरी व्यक्तिको सम्पर्क नै हुन दिएको थिएन, यस्तो अवस्थामा पनि आफ्नै सेवाका लागि राखिएको सेवकसँग नै तीनको प्रेम भयो । एक त धनाढ्य परिवार त्यस माथि सौन्दर्यले भरिएको पटाचाराका लागि वर खोज्न त्यति गाह्रो भएन । यो खबर थाहा पाई तिनले आफ्नो प्रेमीलाई घर छाडी भाग्ने कुरामा सहमत गराई नगर द्वारमा भेट्ने निर्णय गरिन्[1] । भनिन्छ प्रेम अन्धो हुन्छ, त्यसैले त आफूलाई त्यति धेरै माया गर्ने अभिभावक अनि त्यत्रो सुख सुविधा सबै त्यागी आफ्नो सेवक प्रेमीसंग घरबार त्यागी भाग्ने विचार गरिन् । भोलि पल्ट एका बिहानै आफन्तले चिन्छन् भनी काम गर्ने सेविकाको भेषमा प्रेमीसँग घर छाडी टाढा नयाँ जीवन प्रारम्भ गर्न हिडिन् । धनाढ्य परिवारकी एक्ली र प्रीय छोरी भएर सुख सुविधापूर्ण जीवन बिताइरहेकी पटाचाराले ती सबै लत्याएर आफ्नै नोकरसँग भागेर जीवन बिताउनु भनेको नै आफ्नो जीवन आफैले जीउने निर्णय गर्नु थियो । अब शायद उनलाई माइती पक्षले कुनै सम्बन्ध राख्ने थिएन । यो उनका आमा बुबाको इज्जत,मान र प्रतिष्ठाको बिरुध्द थियो । यो कुरालाई बुझेर पनि तिनले माइती पक्ष भन्दा आफ्नै प्रेमीलाई छानिन् । पहिले केहि नगरेकी तिनले अब आफैले घर गृहस्थीको सबै काम गर्नु पर्‍यो । जानी नजानी यी कामहरु आफैले गर्नु परे पनि तिनी खुशी नै थिइन् किनकी आफुले एकदमै माया गरेको प्रेमी आफूसँगै थियो । दु:ख र अभावमा पनि तिनी मुस्कुराई रहिन्, किनकी आफूले रोजेको जीवनसँग तिनी सन्तुष्ट थिईन् ।

महिलाहरु गर्भिणी भएको समयमा आफ्नो माइती अझ त्यसमा पनि विशेष गरी आमाको याद गर्छन् । पटाचाराले पनि यहाँ पति बाहेक कोही नभएकोले माइती जाने इच्छा व्यक्त गर्दा उनको पतिले पहिलेको आफ्नो अवस्था संझी त्यहाँ जाने मन नगरी आलटाल गरी रहे । पटाचाराले यो कुरा बुझी छिमेकीलाई सूचना दिई एक्लै माइती हिडीन् । यो कुरा थाहा पाई उनको पति उनलाई लिन पछि पछि गयो । बाटोमा भेट भई सम्झाउँदा त्यहिं प्रसव वेदना भयो र कठिनता पूर्वक पुत्र प्राप्ति पश्चात् दुबै पति पत्नी आफ्नो घरतिरै फर्के । समय आफ्नो क्रम चल्दै थियो । दोस्रो पटक गर्भवती हुँदा पनि पहिले झैं नाबालक छोरासँग माइतीतिर हिंडिन् । पतिले यो थाहा पाई पछि पछि गई घर फर्काउन कति मनाउँदा पनि मनाउन सकेन । यसै क्रममा अचानक हावा हुरी चली मेघ गर्जन सहित मुसलधार वर्षा शुरुभयो । दुर्भाग्यवश पटाचारालाई त्यसै समय प्रशव वेदना सुरु भयो । असहय वेदनाका साथ पटाचाराले पतिलाई स्याउला र दाउराहरु बटुलि त्यो घनघोर जंगलमा एक सुरक्षित स्थान बनाई दिन आग्रह गरिन् । आफ्नी प्रिय पत्नीको आग्रहलाई पुरा गर्ने क्रममा सर्पको टोकाईबाट तत्काल उनको मृत्यु भयो । वेदनाले छटपटिएर पति आउने आशै आशमा आँखा तानी तानी त्यस्तो भयानक रातमा

तीनले फेरी एक पुत्रलाई जन्म दिईन् । विस्तारै सुर्योदयसँगै उज्यालो हुँदै गयो, वर्षा पछिको मौसम निक्कै खुलेको थियो । रातको हुरी र भयानक वर्षा रोकिसकेको थियो । हिजो राती मात्र जन्मेको छोरालाई आफ्नो छातिमा टाँसी दुई वर्षको छोराको औंला समाई विस्तारै ढल्मलिदै पतिलाई खोज्न गईन् । अलि पर पतिको मृत शरीर देखेर आलाप बिलाप गर्दै आफुले सकेको तरिकाले पतिको अन्तिम संस्कार गरिन् । यस्तो दुःखको बेला आफ्नो आमाबुबा सम्झि माइती नै जाने निधो गरिन् र श्रावस्तीतिर बिस्तारै अगाडि बढ्दै गईन् । रातीको मूसलधार वर्षाले बाटोमा पर्ने अचिरवती नदी बढेर छातीसम्म पुगेको थियो । नदी तर्ने कुनै साधन त्यहाँ थिएन । भर्खरैको सुत्केरी र आफ्नो प्रिय पतिसंग बिछुडिएर अनि प्रकृतिसंग जुझेर आएको तिनमा दुवै छोराहरुलाई एकै पटक बोकेर पारी जान सक्ने आँट नै आएन । त्यसैले पहिला सानो छोरालाई पारी तारेर बगरमा सुताई फेरी वारी आई ठूलो छोरालाई लिन आउने क्रममा एक ठूलो बाजले आफ्नो सानो छोरालाई खुट्टाले च्यापेर उड्दै गरेको देखिन् । बाज धपाउन दुवै हात उठाउँदा पारीको छोराले आफ्नी आमाले उसैलाई आऊ भनी बोलाई रहेको ठानी अगाडि बढी नदीमा उत्र्यो र ठूलो भेलले बगाई नदी मै बिलीन गरि दियो । तिनी किंकर्तव्यविमूढ भईन् । त्यस पछि तिनी कहिले आफ्नो पतिलाई सम्झेर रुन्थिन् भने कहिले आफ्ना प्राण भन्दा प्यारा दुईछोराहरुलाई सम्झेर ।[२]

यसरी आलाप बिलाप गर्दै तिनी आफ्नो माइत घरतिर अगाडि बढ्दै गर्दा उताबाट एक व्यक्ति आई रहेको देखि आफ्नो बुबाको बारे सोधिन् । हिजो रातीको वर्षाले उनको बुबाआमा र भाइको पुरिएर अकालमा मृत्यु भई तिनै जनालाई एकै चितामा राखि जलाइ रहेकोले नै त्यो टाढा धुँवाको मुश्लो देखिएको हो भन्ने कुरा थाहापाई पटाचाराको दिमाग सून्य भयो । जमिन धस्सिए झैं भयो । शरीरको नशा नशामा बिजुली दौडे झैं भयो । आफ्ना प्रिय सबै एकै पटक गुमाएको पिडा सहनै सकिनन् । चिच्याउन खोजिन् तर बोली नै फुटेन । रुन खोजिन् तर आँसु नै बगेन । मनमा यस्तो तीव्र पिडा भयो कि सहनै सकिनन् । मुटु नै फुट्ला झैं भयो र तिनी बेहोश भई ढलिन् । केही समयपछि होशमा आउँदा तिनी अर्कै संसारमा पुगी सकेकी थिइन् । चारैतिर कोही सहारा भेटाइनन्, भरोसा पाइनन्, आफ्नो गन्तव्य पनि देखिनन् । संसार नै अन्धकारमय बन्यो । चारैतिर शून्यता छायो । स्वजन बियोगको दृष्य एक एक गर्दै आँखा अगाडि नाच्न थाले । सर्पको विष फैली सकेको पतीको नीलो मृत शरीर, नवजात शिशुलाई बाजको खुट्टाले च्यापेर लागिरहेको, ठूलो छोरालाई नदीले बगाएको, माता-पिता र भाईको पुरिएर मृत्यु भई चितामा जलाउँदा निस्केको धुवाँको मुश्लो आदि एक पछि अर्को गर्दै मानस पटलमा नाच्न थाले । यसबाट उत्पन्न वेदनाले सिमाना नाघ्यो । शोकाग्निमा डुब्दै लडिबुडि खेल्न थालिन् । प्रिय बियोगले विव्हल बनिन् । आफुले आफुलाई लछार पछार गरिन् । अनि तिनले मानसिक सन्तुलन गुमाइन् । यसरी जथाभावी चल्दा चल्दा तिनको शरीरबाट एक-एक गर्दै सबै लुगाहरु खसे । अन्तमा यस्तो अवस्था आयो कि तिनको शरीरबाट सबै लुगाहरु खसेकोपनि तिनलाई होश भएन र तिनी नांगै हिंडिन्, तिनी पगली भईन् । संज्ञासून्य भई यता उता गरी रहदाँ आफु नाँगो बनेको नै होश नगरी पतित आचरण गरेकी हुनाले उनको नाम नै पटाचारा रहन गयो । यसरी आफन्त सबै गुमाएको मात्र होइन, आफ्नो होश समेत गुमाई निर्वस्त्र भई बाटोमा हिंडि रहेको देखि कोही डर र लाजले पर भाग्थे भने कोही तिनलाई जिस्काँउथे । एक दिन मानिसहरुले लखेट्दै गर्दा तिनी भाग्दा भाग्दै जेतवनारामतिर दगुरिन् । त्यस बखत भगवान् बुद्ध जेतवनाराममा अष्टपरिषद्का[३] बीचमा बसी धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । भगवान बुद्धले बहुलाही भएर नांगै आईरहेकी पटाचारालाई टाढैबाट देख्नुभयो । त्यसै क्षण उहाँले पटाचाराको अतितका बारेमा जान्नुभयो । विनयधर भिक्षुणीका लागि एकलाख कल्प अघिदेखि नै पारमीहरु पूरा गरी आएको देखि उनलाई आफुतिर ल्याउनका लागि मैत्री चित्त राख्नुभयो । यसको प्रभावले गर्दा तिनी बुद्धको नजिक आई रहेको देखी अरु मानिसहरुले नांगै बहुलाही आई रहेकोले तिनलाई रोक्न

खोज्दा भगवान् बुद्धले "नरोक, आउन देऊ ।" भनी भन्नुभयो । पटाचारा सरासर गई भगवान बुद्ध समक्ष पुगिन् । भगवान बुद्धले करुणा युक्त एवम् प्रेमपूर्वक नम्र वचनले तिनलाई सम्बोधन गर्दै भन्नुभयो "सति पटिलभ भगिनी, ति" अर्थात-"बहिनी होशमा आऊ ।"

त्यो पत्नी जसलाई पतिले छोडेर गयो, त्यो आमा जसलाई छोराहरुले छोडेर गयो, त्यो छोरी जसलाई आमा बुबाले छाडेर गयो, त्यो दिदी जसलाई भाईले छाडेर गयो, तिनलाई बोलाउन सम्बोधन गर्नेहरु सबैले एक एक गर्दै तिनलाई एक्लै छाडेर गए, तिनलाई बोलाउने कोही भएनन् । अब त न कसैलाई आफ्नो बनाउने क्षमता थियो न कसैले तिनलाई आफन्तको रुपमा ग्रहण गर्ने वातावरण नै थियो । यस्तो परिस्थितिमा बुद्धको करुणा मिश्रित स्नेहयुक्त बहिनी भन्ने एक वचन सुन्ने बित्तिक्कै त्यो बोली तिनको अचेतन मनसम्मै गढ्यो । सारा संसारसँग टाढीएकी, आफ्नै सूरमा हिंड्ने पटाचारालाई त्यो एक सम्बोधनले सर्वस्व नै पाए जस्तो भयो । होशमा आउ भन्ने वचनले तिनको स्मृति फर्क्यो । होशमा आउँदा आफ्नो शरीरमा वस्त्र नै नभएको चाल पायो, अझ त्यत्रो परिषद्का सामुन्ने ! अनि तिनी लाजले जहाँको त्यहिँ थुचुक्क बसिन् । एक पुरुषले दिएको पछ्यौराले आफ्नो शरीरमा बेरीन् र भगवान्को अगाडि गई पञ्चाङ्ग वन्दना गरिन् । त्यस बखत तिनले लाजको संवेग भन्दा पनि आफु असहाय भएको आफ्नो कोही नभएको भावले बढी ठाउँ ओगटेको अनुभव गरिन् । भगवान् बुद्धको मैत्रीपूर्ण सम्बोधन पछि यो संसारमा उहाँ नै आफ्नो लागि सबभन्दा नजिकको आफन्त झैं महशुस गरिन् । अझ भगवानको - मृत्यु आउने बेलामा कसैले रक्षा गर्न सक्दैन, अत: यो कुरालाई बुझेर शील संयम गरी चाँडै नै निर्वाणगामी मार्गफललाई विशुद्ध पार्नु पर्छ भन्ने गाथाले पटाचारको हृदयलाई भित्रैसम्म छोयो । अनित्यतालाई बुझिन् र आफ्नो क्लेश हटाई स्रोतापत्ति फल साक्षात्कार गरिन् । स्रोतापति फलमा प्रतिष्ठित भइसके पछि पटाचाराले भगवान् बुद्धसँग प्रव्रज्या मागिन् । भगवान्ले उनलाई भिक्षुणी संघकहाँ पठाई भिक्षुणी बनाउनु भयो ।[४]

गृहस्थी जीवनमा अत्याधिक दु:ख, पीडा, शोक भोगिसकेको पटाचाराले भगवान बुद्धको शासनमा भिक्षुणी बनेदेखि बडो सजग र सचेत भई बुद्ध शिक्षालाई अभ्यास गर्न थालिन् । भगवान् बुद्धको विनयलाई राम्रोसँग जानेर नबिग्रने गरी पालन गर्दै विपश्यना ध्यान पनि एकाग्र चित्तले अभ्यास गर्दै लगिन् । बुद्धले बनाई दिनु भएका सबै विनय शिक्षापदहरुलाई राम्ररी सिकेर पालना गर्दै गएकोले पटाचारा भिक्षुणी विनयमा पोख्त र ज्ञाता भइन् । यिनको यहि विशेषतालाई जान्नुभई भगवान् बुद्धले चार परिषदका[५] सामु औपचारिक रुपमा विनयधरा भिक्षुणीहरु मध्ये पटाचारालाई अग्रणी घोषणा गर्नु भएको थियो :-

"**एतदग्गं भिक्खवे, मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा ।**"

भिक्षु हो मेरा विनयधरा **भिक्षु हो मेरा विनयधारा** भिक्षुणी श्राविकाहरु मध्येका पटाचारा अग्र छन् ।"[६]

एकदिन खुट्टा पखालेको पानी बगेर गएको हेर्दा हेर्दै अनित्य, दु:ख र अनात्मलाई विशेष रुपले मनन गर्दै हातमा दियो लिई कोठा भित्र गईन् । दियो तल राखी खाट्मा बस्नु अगाडि बत्ती निभाईन् उतिखेरै उहाँको आश्रव क्लेशहरु सबै क्षय भई **चतुप्रतिसम्भिदा** [७] ज्ञान सहित अहरत्व प्राप्त गरे ।


१.भिक्षु संघरक्षित, बुद्धकालिन दस अग्रणी नारीहरु
२. नारी प्रति बुद्धको देन, सुश्री नानी मैयाँ मानन्धर
३. क) क्षेत्री परिषद ख) ब्रह्मा परिषद ग) गृहस्थ परिषद घ) श्रमण परिषद ङ) चातुर्महारिजक परिषद च) त्रायत्रिंश परिषद छ) मार परिषद ज) ब्रह्मा परिषद ।
४. भिक्षु अमृतानन्द, बुद्धकालिन श्राविका चरित भाग १, भिक्षुणी चरित पृ. ३१९
५. ऐजन, पृ.३२४
६. भिक्षु वोधिसेन महास्थविर (अनु.) अगुत्तर निकाय, भाग १ काठ. ज्ञानज्योति कंसाकार वि.सं. २०५८ पृ. २६
७. अर्थ, धर्म, निरुशक्ति र पतिभान

पुस्तक परिचय

# "भिक्षु अश्वघोषका छानिएका रचनाहरू"

+ कृतिका प्रजापति

बुद्धविहार भृकुटीमण्डप, काठमाडौँद्वारा प्रकाशित पुस्तक 'भिक्षु अश्वघोषका छानिएका रचनाहरू' मा धेरै प्रगतिशील र मननीय विचारहरू समावेश छन्। बुद्ध शिक्षालाई सरल रुपबाट पाठकसमक्ष प्रचारप्रसार गर्न, बुद्धका व्यवहारिक ज्ञान र नैतिक शिक्षालाई पुस्तकका लेखक भिक्षु अश्वघोषले निकै सरस तरिकाले आफ्ना लेखहरू रच्नुभएको छ। ९२ वर्ष पुग्नुभएका भिक्षु अश्वघोषको सक्रियता र लेखनप्रतिको चाख अनुकरणीय छ।




भिक्षु अमृतानन्द महास्थविरका प्रथम शिष्य रहनुभएका भिक्षु अश्वघोष उच्च शिक्षा हासिल गर्न सारनाथ-बनारस पुग्नुभएको थियो। बीएसम्म अध्ययन गरेपश्चात् टी.बी. रोगका कारण उहाँले अध्ययनलाई निरन्तरता दिन सक्नुभएन। टी.बी. रोगका लागि उपचारको लागि पेकिङ पुग्नुभएका उहाँ चीनको कम्युनिष्ट शासनबाट प्रभावित हुनुभयो। सम्मेलनमा भाग लिन विभिन्न मुलुकहरूको भ्रमण गर्नुभएको उहाँको बुद्ध शिक्षाबारे व्यापक दृष्टिकोण रहेको पुस्तक पढिसकेपछि थाहा हुन्छ। 'आनन्दभूमि' र 'धर्मकीर्ति' आदि बौद्ध मासिक पत्रिकामा २० औं वर्ष सम्पादक तथा प्रधान सम्पादक भई सेवा गर्नुभएका भिक्षु अश्वघोषका बुद्ध धर्मसम्बनधी स-साना करिब १४० भन्दा बढी कृति प्रकाशित भइसकेका छन्। उहाँ २०४६ सालको जनआन्दोलनपश्चात माथिल्लो सदन राष्ट्रिय सभामा दुई वर्ष सभासद् र लुम्बिनी विकास कोषका उपाध्यक्ष पनि भइसक्नुभएको पुस्तकमा उल्लेख छ।

गौतम बुद्धको व्यक्तित्व र सन्देश सर्वव्यापी छ। राजदरबारमा जन्मनुभएका बुद्ध दरबारको विलासमय जीवन त्यागेर बहुजन हितायको निम्ति र साधारण जनजीवनमा शान्ति स्थापनाको निम्ति उहाँले संघर्षशील जीवन रोज्नुभयो। **"गौतम बुद्धको सन्देश र व्यक्तित्व"** लेखमा भिक्षु अश्वघोषले बुद्धको व्यक्तिगत जीवनलाई भन्दा उहाँको शिक्षा र सन्देशलाई चर्चा र अध्ययनको विषय बनाइनुपर्ने तर्क प्रस्तुत गर्नुभएको छ। बुद्ध शिक्षालाई उद्धृत गर्दै भिक्षु अश्वघोष भन्नुहुन्छ – 'शरीर बलियो नभइकन मस्तिष्क पनि काम लाग्दैन। आध्यात्मिक र मानसिक विकासको लागि भौतिक पक्ष पनि त्यत्तिकै विकास हुनु आवश्यक छ।' हरेक मानिसले आफ्नो ज्ञान र उत्साहले नै सफलता गर्छ।

बुद्धको अर्थ नै बोध हुनु हो। समाजमा दईथरिका मानिसहरू छन्, एकथरी सुखसुविधा र विलासितामा रमाउने र अर्कोथरी जीवन निर्वाह गर्न नसक्दा चिन्ताले पीडित भई पेटभरी खान नपाएकाहरू छन्। धनी र गरिबबीचको खाडललाई सम्याउने मार्ग स्थापित गर्न बुद्धले समाजवादी भिक्षु संघ स्थापना गर्नुभई व्यक्तिगत सम्पत्ति राख्न नपाउने, निजी रुपमा सामानहरू राख्न नपाउने नियमलाई अगाडि सार्नुभयो। व्यक्तिगत दानलाई भन्दा सामूहिक दानलाई महत्त्व दिनुभयो। **"बुद्ध र समाजवादी भिक्षुसंघ"** लेखको सार यही नै हो। लेखक अश्वघोषले आफ्नो यस लेखमा बुद्ध धर्मलाई आध्यात्मकवाद पनि नभएको र भौतिकवाद पनि नभएको जिकिर गर्नुभयो।

धर्म व्यक्तिको स्वतन्त्र अधिकार हो। बुद्धका अनुसार धर्म भनेको आचरण शुद्धि हो र अन्याय र भ्रष्टाचार नहुनुलाई धर्मको रुपमा व्याख्या गरिएको छ। धर्मको नाममा विभिन्न देशहरूमा साम्प्रदायिक दंगाका

घटनाहरू घटिरहेका छन् । हिन्दु र मुस्लिमबीचको द्वन्द्व कहिल्यै साम्य नहुने झगडाको रुपमा अगाडि बढिरहेको छ । बुद्धको प्रजातन्त्रमा साम्प्रदायिकता र पूर्वाग्रह छैन, भेदभाव छैन भनिएको छ जुन सच्चा प्रजातन्त्रवादीको द्योतक हो । 'गौतम बुद्ध र प्रजातन्त्र' लेखले दिन खोजेको सन्देश यही हो ।

**"आर्य संस्कृति"** लेखमा सबै वर्गका मानव जातिलाई सभ्य, शिक्षित र शान्तिमय तथा सांस्कृतिक आर्य (उत्तम) परिवार बनाउने उद्देश्यले गौतम बुद्धले बताउनुभएका सांस्कृतिक गुणहरूबारे चर्चाहरू प्रस्तुत छन् । पाश्चात्य सभ्यता र संस्कृतिमा भोग विलासलाई प्राथमिकता दिइएको छ तर आर्य बुद्धको संस्कृतिमा सादा जीवन, त्याग र परस्पर कर्तव्य पालन गर्नुलाई प्राथमिकता दिइएको छ । विलाशितामा आनन्द लिनु नै जीवनको उद्देश्य हुनुहुँदैन भन्ने बुद्धको सन्देशलाई आत्मसात गर्न सके जीवन सार्थक हुने देखिन्छ ।

पुस्तकमा समावेश **"नारीहरूमा पनि बुद्धि हुन्छ"** लेख निकै मर्मस्पर्शी छ । कुण्डलकेसी नामक एक आइमाईले आफ्नै श्रीमान सत्थुकलाई मारेको र त्यस घटनालाई आत्मबोध गर्दै बुद्धसमक्ष आफूले कसैको हत्या गरेकोमा सजाय दिन अनुरोध गर्छिन् । आफ्नो आत्मरक्षाको लागि भएको त्यो हत्यालाई बुद्धले सकारात्मक रुपमा लिनुभयो । विना कारण कसैले आफूलाई मार्न आएमा चुपचाप बस्नु व्यवहारिक धर्म नभएको र त्यसविरुद्ध संघर्ष र आत्मरक्षा गर्नु नै अहिंसा हो भनी बुद्धको सन्देश प्रस्तुत लेखमा पाइन्छ । बुद्धि भनेको ज्ञान र जानकारी नारीहरूमा हुने गर्छ र त्यसलाई ठीक ठाउँमा प्रयोग हुनुपर्छ भन्ने आशय यस लेखले बोकेको छ ।

**समतामूलक समाज निर्माणमा बुद्ध शिक्षाको भूमिका** दर्साउँदै भिक्षु अश्वघोषले बुद्धले प्रतिपादन गर्नुभएका उपयोगी सिद्ध मार्गहरूबारे पुस्तकमा बयान प्रस्तुत गर्नुभएको छ । पुस्तकमा सत्य बोल्नु, अरुलाई चोट नपुऱ्याउनु, सकारात्मक सोच राख्ने, निर्दोष भएर बाँच्नु, सधैं सतर्क र सचेत रहनु, एकाग्र चित्त बनाउनु आदिलाई दुःख अन्त्य गर्ने मार्गहरू हुन् भनिएको छ । मध्यम मार्गमा हिंड्नुलाई लेखकले समतामूलक समाज निर्माण गर्न सकिने विश्लेषण गर्नुभएको छ । आर्थिक समानता, शुद्ध वातावरण समतामूलक समाज निर्माणका पूरक हुन् । आधारभूत आवश्यकताजस्तै गाँस–बाँस, कपासको राम्रो व्यवस्था हुनु जरुरी छ । मैत्री, करुणा, मुदिता (प्रसन्नता) र स्थिर भावनाले गर्दा समतामूलक समाज निर्माण गर्न सजिलो हुने लेखकको ठहर छ ।

भिक्षु अश्वघोषले आफ्नो लेख **"बुद्धको मैत्री र सत्यद्वारा स्वास्थ्य सेवा"** मा मनोवैज्ञानिक तरिकाबाट पनि रोगीको सेवा गर्न सकिने तर्क प्रस्तुत गर्नुभएको छ ।

**"निरोगिता"** शीर्षकको लेखमा भिक्षु अश्वघोषले शरीर स्वस्थ भएर बाँच्नु नै असल अर्थमा निरोगिता हो र स्वस्थ रहन उचित आहार, सफा बस्ने ठाउँ, मिलनसार संगत, हावापानी अनुकूल, सरसफाइ आदि बानी–व्यहोरा आवश्यक हुने जिकिर गर्नुभयो । गौतम बुद्धले सबैलाई उन्नति गर्न ६ वटा मार्गहरू बताउनुभएको छ । निरोगिता, राम्रो आचरण, मान्यजनको कुरा मान्ने, जान्ने बुझ्ने हुने, धर्मअनुसार व्यवहार गर्नु, अल्छी नहुनु नै उन्नतिको उत्कृष्ट बाटो हो । निश्चय पनि परोपकारको भावनाले अरुको सेवा गर्नु नै साँचो अर्थमा धर्म हो ।

४१ वटा शीर्षकका लेखहरू समावेश यस पुस्तकका लेखहरू सरसर्ती अध्ययन गर्दा बौद्धिक मार्गबारे प्रशस्त ज्ञान प्राप्त हुन्छ । असल र खराब, सही र गलत, न्याय र अन्यायको भेदलाई उजिल्याउन बुद्ध शिक्षा अध्ययन गर्नु फलदायी हुन्छ । विभिन्न ठाउँहरूमा छरिएका लेख तथा रचनाहरूको संगालोको रुपमा 'भिक्षु अश्वघोषका छानिएका रचनाहरू' प्रकाशनमा आउनु उत्तम कार्य हो । आगामी दिनहरूमा उहाँको लेखोटहरू महत्त्वपूर्ण कृतिको रुपमा प्रकाशन हुने आशा गर्न सकिन्छ । पुस्तकमा मूल्यसूची समावेश छैन । पाठकहरूको ज्ञानको घेरा बढाउन भूमिका खेल्नुहुने लेखक भिक्षु अश्वघोषप्रति आदरभाव र पुस्तक प्रकाशनको निम्ति सहयोगी संस्था र व्यक्तित्वहरुप्रति साधुवाद ।

गतिविधि

# भक्तपुरका विभिन्न विद्यालयहरुमा बुद्ध जयन्तीको महत्वबारे कार्यक्रम

१) २०७५ बैशाख ७ गते एभरेष्ट इङ्गलिश स्कुलको आयोजनामा २५६२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा भएको प्रवचन कार्यक्रममा बौद्ध विदुषी सविता धुख्वा ज्यूले बुद्ध शिक्षाको महत्व विषयमा भिडियो देखाउनु भई स्कुलका शिक्षक शिक्षिकाहरुलाई प्रशिक्षण दिनुभएको थियो । स्कुलका प्रिन्सिपल भक्त राजभण्डारीको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले परियत्ति शिक्षा विद्यार्थीहरुलाई पढाउनै पर्ने आवश्यकता रहेको जानकारी गराउनु हुँदै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२) २०७५ बैशाख ११ गते ई.जी. पायोनियर स्कुलको आयोजनामा भएको प्रवचन कार्यक्रमा श्रद्धेय ज्ञाणवती गुरुमांले बुद्ध जयन्ती बुद्ध शिक्षा र पञ्चशीलको महत्व विषयमा सन्दर्भिक प्रवचन दिनुभएको थियो । विद्यालयको प्रधानाध्यापक विजेन्द्र ध्वजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा वहाँले बुद्ध शिक्षा आजको आवश्यकता रहेको विचार व्यक्त गर्नुहुँदै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

३) २०७५ बैशाख १२ गते जेनिथ स्कुलको आयोजनमा भएको प्रवचन कार्यक्रममा श्रेद्धय भिक्षु अर्जुनले पञ्चशील र बुद्ध जयन्ती मनाउनुको अर्थ विषयमा प्रवचन दिनुभएको थियो । स्कुलका शिक्षक एवं परियति विद्यार्थी राधेश्याम बासुकलाले असल मानिस बन्नको लागि परियति शिक्षा नभई नहुने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा सभापतिको आसनवाट प्रधानाध्यापक सुन्दर सुवालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

४) २०७५ बैशाख १४ गते जेन्यूइन स्कुलमा पनि बुद्ध जयन्तीको उपलक्ष्यमा श्रेद्धय अर्जुन भन्तेले स्कुलका शिक्षक शिक्षकाहरुलाई बुद्ध जयन्ती र बुद्ध शिक्षाको महत्वबारे सान्दर्भिक प्रवचन दिनुभएको थियो । स्कुलको प्रधानाध्यापक योगेन्द्रमान विजुक्छेको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले स्कुलमा १४० जना विद्यार्थीहरुले परियत्ति शिक्षा अध्ययन गरेको जानकारी दिनुका साथै परियत्ति शिक्षा (बुद्ध शिक्षा) आजको आवश्यकता विषयमा मन्तव्य दिनुहुँदै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

५) २०७५ बैशाख १८ गते प्रेविसमा स्कुलमा श्रद्धेय उत्तम भन्तेबाट बुद्ध जयन्तीको उपलब्धमा "पञ्चशीलको महत्व" विषयमा प्रवचन कार्यक्रम सम्पन्न भयो । स्कुलका निर्देशक धर्मरत्न खाइतुको सभापतित्वमा भएको । स्कुलका निर्देशक धर्मरत्न खाइतुको सभापतित्वमा भएको उक्त कार्यक्रममा वहाँले पनि परियत्ति शिक्षा अध्ययन गर्ने प्रतिवद्धता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२५६२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा मैत्रेय युवा संघको आयोजना उक्त स्कुलहरुमा प्रवचन कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमहरुमा मैत्रेय युवा संघका अध्यक्ष संचित बुद्धाचार्यले पनि बुद्ध शिक्षा अध्ययन गर्नुपर्ने र आ-आफ्ना विद्यालयका विद्यार्थीहरुलाई परियत्ति शिक्षा पढाउन विद्यालका शिक्षक शिक्षिकाहरु नै सक्षम हुँदै जानुपर्ने मन्तव्य राख्नुभएको थियो ।

**"परियत्ति विद्यार्थीहरु पुरस्कृत"**

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा २५६१ को परियत्ति परिक्षामा मैत्रेय परियत्ति केन्द्रका सफल विद्यार्थीहरुलाई मैत्रय युवा संघद्धारा पुरस्कार वितरण गरियो । यस केन्द्रबाट २२ जना सहभागी परिक्षार्थीहरु मध्ये २१ जनाले उत्तीर्ण गर्नु भएको थियो भने सुलोचना कोजुले प्रवेश परिक्षामा वोर्ड द्वितीयको स्थान हासिल गर्नुभएको थियो । पञ्चशील ग्रहण गर्दै भिक्षु पियदशी स्थविरज्यूको प्रमुख अतिथ्यता सञ्चालन भएको कार्यक्रममा सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यले स्वागत गर्नु भएको

थियो । त्यस्तै परियत्तिको विषयमा बोल्दै राधेश्याम बासुकलाले परियत्ति शिक्षा पढेर बुद्ध मानव मात्रको गुरु हुनुभएको विचार व्यक्त गर्नुभयो । मैत्रेय युवा संघका अध्यक्ष संचित बुद्धचार्यको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा लुम्बिनीमा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा संघका तर्फबाट सहभागी अणु शाक्यले आफ्नो रिपोर्ट प्रस्तुत गर्न भयो । कार्यक्रममा सुलोचना कोजू र मुनि विहार केन्द्रबाट कोविद उत्तीर्ण गर्नुहुने प्रज्ञा शाक्यले पनि परियत्ति शिक्षाको महत्वबारे मन्तव्य दिनुभयो । प्रमुख अतिथिले विद्यार्थीहरुलाई पुस्तक तथा प्रमाणपत्र द्वारा सम्मान गरेपछि पुनः गन्तव्यको क्रममा भक्तपुर बौध्द सम्पदा संघका संस्थापक तथा निवर्तमान अध्यक्ष पद्मसुन्दर शाक्यले परियत्ति शिक्षा अब सरकारी स्तरमा पनि सञ्चालन हुनुपर्ने विचार व्यक्त गर्नुभयो । परियत्ति प्रशिक्षकहरुलाई बुध्द मूर्ति र नगद द्वारा पनि सम्मान गरिएको कार्यक्रममा दाता संघरत्न शाक्य र संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यले पनि मन्तव्य दिनुभयो । संघका विशेष सदस्यहरु गौरी श्रेष्ठ, प्रेमशोभा बज्राचार्य, दानलक्ष्मी बज्राचार्य र प्रारम्भिक द्वितीयामा बोर्ड प्रथम भएका ई.जि. पायोनियर परियत्ति केन्द्रका आस्था गोरालाई पनि सम्मान गरिएको उक्त कार्यक्रममा प्रमिला धुख्वाले उपस्थित सबैलाई धन्यवाद दिनुभयो ।

**"मैत्रेय युवा संघद्वारा उद्घोषण तालिम"**

मैत्रेय युवा संघको आयोजनामा मैत्रेय परियत्ति केन्द्रका परियत्ति विद्यार्थीहरुको लागि २०७५ जेठ २६ गते देखि असार २३ गतेसम्म हरेक शनिबार सञ्चालन भएको उद्घोषण तालिमको समापन असार ३० गते सम्पन्न भएको छ । पञ्चशील ग्रहण गर्दै शुरु भएको उक्त कार्यक्रममा उद्घोषण तालिमका सहभागी १० जना प्रशिक्षार्थीहरुले तालिमले आफ्नो बोलाईमा परिवर्तन आएको अनुभव व्यक्त गर्दै परियत्ति शिक्षा अत्यन्तै महत्त्वपूर्ण भएको र यस शिक्षाका कारण आफूमा राम्रो गुण विकास हुँदै गएको र नराम्रा गुणहरु हराउँदै गएको कुरा व्यक्त गर्नुभयो । तालिमकी प्रशिक्षिका जमुना गोसाई, संघका सल्लाहकार सत्यलक्ष्मी रंजित र लक्ष्मीचन्द्र बज्राचार्यले परियत्ति विद्यार्थीहरुलाई दिइएको यस्ता तालिमले चरित्रवान र नैतिकवान विद्यार्थीहरुमा व्यक्तित्व विकास र नेतृत्व गर्ने क्षमता वृद्धि हुँदै जाने विश्वास दिलायनु भयो । प्रमुख अतिथि श्रद्धेय भिक्षु अर्जुनबाट तालिमका सहभागीहरुलाई प्रमाण-पत्र प्रदान गरिएको कार्यक्रममा यस वर्ष मैत्रेय परियति केन्द्रबाट एस.ई.ई. परीक्षामा उत्तीर्ण हुनुभएका अमिताभ दोङ्ग र सरिता अवाल तथा तालिमका प्रशिक्षकहरु संचित बुद्धाचार्य र जमुना गोसाईलाई बुद्धमूर्ति धर्मोपहार प्रदान गरिएको थियो । संघका अध्यक्ष संचित बुद्धाचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा मैत्रेय परियति केन्द्रका केन्द्राध्यक्ष तिर्थराज बज्राचार्यले परियत्ति शिक्षालाई बिहारमा मात्र सिमित नराखी यसलाई सरकारी मान्यता प्राप्त शिक्षा बनाई देशभरी फैलाउनु पर्ने आवश्यक रहेको र प्रधान केन्द्रले यसमा चासो लिई सरकारसँग समन्वय गरी अघि बढ्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो । साथै भक्तपुरमा अहिले ६ वटा विद्यालयमा परियत्ति कक्षा सञ्चालन भईरहेको र ती केन्द्रहरुमा परियत्ति प्रतिको चासो कम हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै यसमा स्थायीत्व ल्याउन र दिगो रुपमा कायम गर्न सरकारी मान्यता प्राप्त परियति शिक्षा नै चाहिने कुरामा जोड दिनुभयो । उक्त कार्यक्रममा संघका उप-सचिव सुलोचना कोजुकी हजुरवा कुष्ण भक्त कोजु ७३ वर्षको उमेरमा जेठ २८ गते संघका सदस्यहरु मेघना श्रेष्ठ, जेनिशा श्रेष्ठकी हजुरआमा एवं विशेष सदस्य गौरी श्रेष्ठकी सासु सानुमैंया श्रेष्ठ ८१ वर्षको उमेरमा असार ३ गते दिवंगत हुनुभएकोमा श्रद्धाञ्जली अर्पण गरीयो । उक्त कार्यक्रममा तालिमका प्रशि क्षार्थीहरु सरिता अवालले उद्घोषण, रञ्जु तामाङ्गले स्वागत मन्तव्य र अमिताभ दोङ्गले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

तालिमका प्रशिक्षार्थीहरु

१) सरिना अवाल
२) रञ्जु तामाङ्ग
३) प्रज्ञा दोङ्ग
४) सिम्रण फाँजु
५) लुनिभा चित्रकार
६) रुजी बज्राचार्य
७) प्रज्वल धुख्वा
८) अमिताभ दोङ्ग
९) सपुत लामा
१०) कृष बज्राचार्य

# भर्तृहरि-नीतिका अर्ध-शतक

१) अबोध (केही नजानेका) व्यक्तिलाई सजिलैसित सम्झाउन सकिन्छ, बुद्धिमानी (विशेषज्ञ) व्यक्तिलाई झन् सजिलैसित सम्झाउन सकिन्छ, तर अल्पज्ञ (लेशमात्र अध्ययन गरेर गर्वले चूर भएका) व्यक्तिलाई साक्षत् ब्रम्हाजीले पनि प्रसन्न गर्न (सम्झाउन) सक्दैन ।

+++

२) विधाताले अबोध (मुख) जनहरूलाई चुप लागेर बस्ने प्रवृत्तिजस्ता स्वाधीन गुण दिनुभएको छ । विशेषगरी विद्धत्समाजमा मूर्ख (अज्ञानी)हरु चुप रहन सक्नु नै तिनीहरुको आभूषणस्वरुप हुन आउँछ ।

+++

३) आगोलाई पानीले, सूर्यको तापलाई छाताले, मदमस्त हात्तीलाई अंकुशले, गाइगोरु र गधालाई दण्डले, रोगलाई औषधीले, विषलाई अनेक प्रकारको मन्त्रले शमन गर्न सकिन्छ । यसप्रकार शास्त्रमा सबैको निदान छ तर मूर्खलाई (सज्जन गर्ने) कुनै औषधि छैन ।

+++

४) अनेक शास्त्रको अध्ययनबाट सुशोभित वाणीवाला, त्यसैको आधारमा शिष्यहरूलाई उपदेशदिनेवाला विद्वान् व्यक्ति राज्यमा धन-विहीन भई जीवन यापन गरिरहेको छ भने त्यो त्यहाँको राज्याधिकारीहरुको मूर्खता सिद्ध हुन्छ । विद्वान् त विना धन पनि अलंकृत हुन्छ जस्तो जौहरी (रत्न परीक्षक) ले नजानेर मणिको अवमूल्यन गर्छ त त्यो उसको मूर्खता हो, मणिको होइन ।

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार*

**श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट**

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०


महामानव गौतम बुद्धको शिक्षा प्रचार गरी
समाज परिवर्तन गर्ने उद्देश्य
बोकेको बौद्ध साहित्यिक पत्रिका

**'अर्हत' त्रैमासिक**

निरन्तर प्रकाशनको शुभकामना !

**एच.आर.जी.**

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका



**'अर्हत' त्रैमासिक**

निरन्तर प्रकाशनको शुभकामना !

**कमलविनायक फर्मा**

कमलविनायक, भक्तपुर
मुलढोका (कमलविनायक) भक्तपुर-१०

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका

**'अर्हत' त्रैमासिक**



निरन्तर प्रकाशनको शुभकामना !

**इन्द्रायणी छापाखाना**

मिवाछें, भक्तपुर - २

**फोन नं. - ९८५१०९०१४०**

अफसेट प्रिन्ट, डिजिटल प्रिन्ट, स्क्रिन प्रिन्ट, कापी प्रिन्ट,
ग्राफिक डिजाइन तथा अन्य सेवाको लागि सम्पर्क गर्नुहोस् ।

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका

**'अर्हत' त्रैमासिक**

निरन्तर प्रकाशनको शुभकामना

**सोह्रखुट्टे काष्ठ चिरानी उद्योग**

घलाँटे, भक्तपुर

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका

**'अर्हत' त्रैमासिक**

निरन्तर प्रकाशनको शुभकामना

**सिद्धि गणेश इलेक्ट्रिकल ट्रेड**

च्याम्हासिंह, भक्तपुर-
मो. नं. ९८४१२७१६६

**प्रो. राजाराम प्रजाप**

बौद्ध साहित्यिक पत्रिका

**अर्हत**

निरन्तर प्रकाशनको लागि शुभकामना

**श्याम दही भण्डार**

चोर्चा, भक्तपुर-७

**प्रो. श्यामकृष्ण दुमरु**